नजर हमर

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
Madheshdristi National Daily
www.emadheshdristi.com

काठमाडौँ महानगरपालिकाको बजेट संशोधन प्रस्ताव



समाचार पृष्ठ ६ मा

वर्ष ३ | अंक ५१ | २०८१ साल पुष १५ गते सोमबार | Monday 30, December 2024 | सूर्योदय: बिहान ६:५४ बजे | सूर्यास्त: साँझ ५:२१ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## मधेश केन्द्रित दलले जनता अलमल्याउने काम गरेः ओली




**अफरोज अर्पण**
**वीरगंज ।**
नेकपा एमालेका अध्यक्ष एवम् प्रधानमन्त्री केपी शर्मा ओलीले मधेश केन्द्रित राजनीतिक दलले मधेशी जनतालाई अल्मल्याउने काम मात्र गरेको बताएका छन् । नेकपा एमाले, पर्साले आइतबार सखुवा प्रसौनी गाउँपालिकामा गरेको बृहत् पार्टी प्रवेश र जनसभालाई सम्बोधन गर्दै अध्यक्ष ओलीले मधेश केन्द्रित राजनीतिक दलका नेताले संविधानकै धाराको राजनीतिमा जनतालाई अल्मल्याउने काम गरे । उनीहरुसँग मधेशको विकास र समृद्धिको खाका नरहेकाले संविधानको विभिन्न धारा संशोधनको माग गरेर मधेशी जनतालाई गुमराहमा राख्न र अल्मल्याउने काम मात्र गरेको बताए ।

प्रधानमन्त्री ओलीले अहिलेको सरकारले देशको विकास र जनताको जीवनमा सकारात्मक परिवर्तनका लागि प्रतिबद्ध रहेको बताए । हरेक नेपालीलाई अधिकारसम्पन्न बनाउनेदेखि उत्पादन र उद्यमशीलतालाई आफूहरुले जोड दिएको उनको भनाइ थियो । सम्बोधनक्रममा प्रधानमन्त्री ओलीले मधेशको विकासका लागि विगतका दिनमा एमालेले मधेशमा विभिन्न योजना ल्याएको बताए । विगतमा एमाले नेतृत्वको सरकारले थालनी गरेर बीचमा पार्टी सरकारमा नहुँदा अधुरा र अलपत्र परेका विकास निर्माणका योजना अहिलेको सरकारले सम्पन्न गर्ने उनको भनाइ थियो । अस्थिर र फोहोरी राजनीति समाप्त पारेर देशको समृद्धिका लागि एमाले र कांग्रेसको संयुक्त सरकार बनेको भन्दै प्रधानमन्त्री ओलीले मुलुकमा रहेको बेथिति, अस्थिरता हटाउन यो सरकार बनेको बताए । मधेशका सामाजिक र आर्थिक समस्या तथा मधेशको सिंगो विकासका सन्दर्भमा एमाले जानकार रहेकाले मधेशको विकास एमालेले नै गर्ने उनले बताए । प्रधानमन्त्री ओलीले हुलाकी राजमार्गमै पर्ने क्षेत्रमा १० वटा स्मार्ट सिटी बनाउने योजना एमाले र अहिलेको सरकारको रहेको बताए । उनले तराई–मधेशका १ लाख २५ हजार बिघा बढी जग्गामा सिँचाइका लागि सुनकोशी मरिण डाइभर्सन सिँचाइ आयोजना निर्माणको काम पनि एमाले नेतृत्वकै सरकारले अगाडि बढाएको बताए ।

'एमाले भनेको विकास गर्ने पार्टी, विकास गर्ने पार्टी भनेको एमाले' भन्दै स्थानीयको मागबमोजिम पर्साको पोखरियामा नगर अस्पतालको स्तरोन्नति, नापी तथा मालपोत कार्यालयको सेवा केन्द्र स्थापना गरिएको उनले बताए । प्रधानमन्त्री ओलीले महिलालाई सामाजिक र राजनीतिकरुपमा अगाडि बढाउन सहयोग गर्न आग्रह गर्दै महिला र युवालाई अत्यधिकरुपमा परिचालन नगरेसम्म एमाले सच्चारुपमा जनताको पार्टी बन्न नसक्ने बताए ।

कार्यक्रममा सखुवा प्रसौनी गाउँपालिकाका पूर्वअध्यक्ष प्रदीप जयसवाललगायत विभिन्न पार्टीबाट सैयौँ एमालेमा प्रवेश गरेका थिए । एमाले पर्साका अध्यक्ष डा. विश्वम्भर शर्माको अध्यक्षतामा भएको कार्यक्रमलाई संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ता, पूर्वमन्त्री ज्वाला साह, पूर्वमन्त्री तथा एमालेका मधेश प्रदेश इन्चार्ज लीलानाथ श्रेष्ठ, एमाले पर्साका इन्चार्ज प्रभु हजरा, मधेश प्रदेशका भौतिक पूर्वाधारमन्त्री सरोज कुमार यादव, खेलकुदमन्त्री प्रमोद जयसवाललगायतका नेताले सम्बोधन गरेका थिए ।

**१ सय ८० किलो मालाले अभिनन्दन**
पर्साको सखुवाप्रसौनी गाउँपालिकामा आयोजित पार्टी प्रवेश कार्यक्रममा प्रधानमन्त्री केपी शर्मा ओलीलाई नागरिक अभिनन्दन गरिएको छ । उनलाई १ सय किलो र ८० किलोका दुईवटा मालाले नागरिक अभिनन्दन गरिएको हो । पर्सा जिल्ला क्षेत्र नम्बर ३ का सांसदसमेत रहेका संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री राजकुमार गुप्ताको नेतृत्वमा उनलाई ८० किलोको मालाले अभिनन्दन गरिएको थियो । त्यस्तै, पार्टी जिल्ला कमिटीको तर्फबाट एक सय किलोको मालाले अभिनन्दन गरिएको थियो ।

## प्रदेश सभा बैठक बोलाउन जसपा नेपालको माग

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारको प्रमुख प्रतिपक्षी जनता समाजवादी पार्टी (जसपा) नेपालले तत्काल मधेश प्रदेश सभाको बैठक बोलाउन माग गरेको छ । मधेश प्रदेश सभाको बैठक नबोलाइदा धेरै समसामयिक विषयमा छलफल छुटेको र सरकारको गति पनि सुस्त देखिएको जसपा नेपालको ठहर छ ।

'जसपा नेपाल संसदीय दल बसेर नै प्रदेश सभा बैठक माग गरेका छौँ, संघीयता बदनाम गराउने काम भइरहेका बेला प्रदेश सरकारले पनि केही गर्न नसकेको पाइएको छ,' जसपा नेपालका प्रदेश सभा सदस्य तथा संस्थापक मुख्यमन्त्री लालबाबु राउतले भने, 'संसदका सबै दललाई ध्यानाकर्षण गराउँदै बैठक माग गरेका हौँ ।' यस्तै, जसपा नेपालले मधेश प्रदेश सरकारले आर्थिक वर्षको ६ महिना बित्दा पनि पुँजीगत खर्च गर्न नसकेको भन्दै सरकारको ध्यानाकर्षण गराएको छ । 'प्रत्येक प्रदेशमा पाँच किलोमिटर सडक बनाउने भनेर डिपिआर गरेको छ,' राउतले भने, 'टेण्डर प्रक्रियामा सरकार जान सकेको छैन, प्रक्रिया लामो भएकाले समयमा जान नसके काम नहुने र बजेट कार्यान्वयन हुन नसक्ने भएकाले यथासम्भव प्रक्रिया अगाडि बढाउन सरकारको ध्यानाकर्षण गराएका छौँ, प्रक्रियामा जान सरकारलाई कसले रोकेको हो ?'

यस्तै, संसदीय दलको बैठकले सिरहाका प्रदेश सांसद साहिदा खातुनमाथि भएको सांघातिक हमला गर्नेहरुलाई तत्काल पक्राउ गरी कारबाही प्रक्रिया अगाडि बढाउन माग गरेको छ ।



## यो व्यवस्थाले जनताको दिन फिरेनः साह

**मधेशदृष्टि**
**काठमाडौं ।**
आम जनता पार्टी (आजपा) का अध्यक्ष तथा पूर्वमन्त्री प्रभु साहले प्रधानमन्त्री केपी शर्मा ओलीलाई नेपाली कांग्रेस सभापति शेरबहादुर देउवा र उनकी पत्नी डा. आरजु राणा देउवाको बुई चढेर नेपाली जनतालाई तर्साउन चेतावनी दिएका छन् । दलाल दलतन्त्रविरुद्ध तेस्रो जनआन्दोलनको संकल्पसहित आजपाको दोस्रो स्थापना दिवसको अवसरमा कमलदीक्षित नेपाल प्रज्ञा प्रतिष्ठानमा आइतबार आयोजित कार्यक्रममा पूर्वमन्त्री साहले अहिलेको सरकार नै पवित्र उद्देश्यले नबनेको टिप्पणी गरे ।

'अहिलेको सरकार अनैतिक र अप्राकृतिक छ । हामी यसको अन्त्य चाहन्छौँ । केपी ओलीले देउवा दम्पत्तिको बुई चढेर दुनियाँ तर्साउन खोजिरहेका छन् । अपवित्र बाटोबाट देशलाई अन्धकारमा धकेल्न खोजिरहेका छन्,' साहले भने, 'कांग्रेस पार्टी त्यस्तो थिएन । विपीको विचार बोकेको कांग्रेस पार्टी त्यसो गर्न सक्दैन । मदन भण्डारीको लिगेसी बोकेको एमालेले त्यसो गर्न सोच्नै सक्दैन । तर, अहिले ओली र देउवा कम्पनीको सरकार छ । यसले देशलाई गलत दिशा दिइरहेको छ ।'

दलाल दलतन्त्र हावी भएकाले देश दुरावस्थाबाट गुज्रिहेको साहले टिप्पणी गरे । 'तर, आफूहरुको नेतृत्वको आन्दोलनले नेपालमा छिट्टै दलाल दलतन्त्र अन्त्य हुने र आम जनता शासक एवम् मालिक बन्ने विश्वास उनले व्यक्त गरे । नेपालका ठूला नेताहरु विदेशीको इशारामा चलिरहेको गम्भीर आरोप उनले लगाए । उनले भने, 'नेपालका नेताहरु विदेशीको ईशाराबिना श्वास पनि फेर्न सक्ने अवस्थामा छैनन् । वैदेशिक हस्तक्षेप बढ्दो छ ।'

उनले अहिलेको व्यवस्थाले सही निकास नदिने भन्दै यसको अन्त्य आफूहरुले चाहेको र संघर्षको मैदानमा होमिएको स्मरण गराए । उनले थपे, 'हामी नेपालको परिवर्तनका लागि धेरै लड्यौँ । राजनीतिक आन्दोलन गर्यौं । नेपाल समृद्ध होस्, जनता पनि समृद्ध होउन् भनेका थियौँ । तर, यो भागबण्डाको राजनीतिले देश बर्बाद हुँदैछ । जनता लाचार छन् । नेपालको अवस्था गलत छ । नेता गलत छन् । त्यसलाई अन्त्य गर्न चाहन्छौँ । गलत व्यवस्था फाल्छौँ । नेपाली जनतालाई मालिक बनाउँछौँ ।'

उनले अहिले 'एउटा राजालाई हटाएर दर्जनौँ राजा बनेका' आरोप लगाए । उनले भने, 'हिजो राजाका आसेपासेले राज गर्दथे, तर आज नेताका आसेपासेले राज गर्छन् । नेपाली जनता यतिबेला निराश छन्, उनीहरुलाई उत्साही बनाउँछौँ । आजको यो ऐतिहासिक समारोह तेस्रो जनआन्दोलनको उद्घोषको दिन पनि हो । नेपालका नेताहरु गलत भएकै कारण आज देशमा यो बर्बादी भएको छ । म भन्छु–नेपाली जनता बहादुर छन् । सक्षम छन् । बरु, देशमा गलत नेतृत्व अनि गलत व्यवस्था छ । गलत राजनीति छ । हामी यसको अन्त्य चाहन्छौँ ।

२०७९ को निर्वाचनमा कांग्रेस र एमाले विपरित धारको नेतृत्वमा भएपनि निर्वाचनपछि गठबन्धन गर्नु गलत भएको उनको टिप्पणी छ । उनले भने, 'मिल्नु नै थियो भने चुनावमा किन विपरीत गठबन्धन बनाएको ? जब चुनाव गराउनुभयो भने जनादेशको इमानदारीतापूर्वक पालना गर्नुपर्दथ्यो ।' उनले हिजो संविधानसभाबाट संविधान जारी गर्दापनि लेनदेन र भागबण्डाको राजनीतिले नहुने कुरा लेखिएको साहको आरोप छ । उनले आजपाले अहिलेको व्यवस्थालाई बदलेर नयाँ व्यवस्था ल्याउने उद्घोष गरे । उनले अहिले सरकारपिच्छे कर लगाइएको आरोप लगाए ।

उनले अरु देशमा दुई तहमा कर लगाइएको भएपनि नेपालमा तीनै तहले जनतामाथि कर लादेको भन्दै आक्रोश पोखे । भारतमा जम्मा १४ शीर्षकमा कर लिने गरिएको भएपनि नेपालमा स्थानीय सरकार (महानगर) ले मात्रै १४ भन्दा बढी शीर्षकमा कर लिने गरेको उदाहरण पेश गरे । नेपालमा करको दायरा र दर दुवै बढि भएको भन्दै सच्याउनुपर्ने उनको सुझाव छ । उनले प्रधानमन्त्री ओलीलाई प्रश्न गरे, 'केपी ओलीजी, तपाईं नैतिकवान नेता हो भने कर लिने अधिकार कसरी राख्नुहुन्छ ? तपाईंका मातहतका उद्योग आज बन्द छन् । तपाईं सक्षम हो भने किन सरकारी उद्योग चलाउन सक्नुभएन ? यदि सरकारी उद्योगमा घाटा हुन्छ भने व्यक्तिको उद्योगमा कसरी नाफा हुन्छ ओलीजी ? मलाई जवाफ दिनुहोस ।'

उनले सरकारमातहतका सबै सरकारी संस्थानको हालत खराब रहेको र सबै घाटामा रहेको तथ्यांक सुनाए । उनले खाद्य संस्थान, साल्ट ट्रेडिङ, साझा बस, नेपाल एयरलाइन्स, नेपाल आयल निगम, रेलवे सबैको अवस्था खराब रहेको चित्रण गरे । उनले सरकारले आफ्ना उद्योग, धन्दा र संस्थान घाटामा चलाएर निमुखा जनता र साना तथा मझौला व्यवसायीहरुसँग कर लिने नैतिकता नरहेको टिप्पणी गरे ।

यस्तै, उनले कवाड आन्दोलन आजपाको आन्दोलन भएको भन्दै कवाड व्यवसायीलाई दुःख दिनेलाई आइटी आर्मीले तह लगाउने चेतावनीसमेत दिए । 'केही बर्दीधारीले कवाड व्यवसायीलाई दुःख दिएका छन् । अदालतको आदेश मानेका छैनन् । तर, स्मरण रहोस्, बर्दी कसरी लगाउने प्रभु साहलाई राम्रोसंग थाहा छ । आइटी आर्मीले दुःख दिनेलाई बर्दी लगाएरै तह लगाउँछ,' उनले भने ।

आजपाका उपमहासचिव चन्द्रभूषण साहले सञ्चालन गरेको कार्यक्रम काठमाडौं उपत्यका विशेष कमिटीका इन्चार्ज एवम् महासचिव अमर साहको अध्यक्षतामा भएको हो । कार्यक्रममा पार्टीका वरिष्ठ उपाध्यक्ष एवम् संविधान सभाका सदस्य तिलक थापासहितका नेता सहभागी थिए ।



## दूधमती नदीको सीमांकनको काम शुरू



**मिश्रीलाल मधुकर**
**जनकपुरधाम ।**
लोप हुँदै गएको ऐतिहासिक दुधमती नदीको संरक्षण र प्रवद्र्धन गर्ने उद्देश्यले प्रदेश सरकारले आइतबारदेखि सीमाङ्कन शुरु गरेको छ । दुधमती नदीको उद्गमस्थल क्षीरेश्वरनाथ नगरपालिकाको वडा नम्बर ५ स्थित अर्जवन गाउँबाट सीमाङ्कनको काम शुरु गरिएको हो ।

कार्यक्रममा नेपाली कांग्रेसका सहमहामन्त्री महेन्द्र यादव, मधेशका ऊर्जा, सिँचाइ तथा खानेपानीमन्त्री शेषनारायण यादव, मन्त्रालयका सचिव जक्की अहमद अन्सारी, क्षीरेश्वरनाथ नगरपालिकाका नगरप्रमुख सुखदेव यादव, लक्ष्मीनिया गाउँपालिकाका अध्यक्ष भोगेन्द्र झालगायत जनप्रतिनिधिको संयुक्त सहभागिता थियो । नेपालको झण्डा फहराएर सीमाङ्कन शुरु भएको हो ।

धनुषा र महोत्तरी क्षेत्रमा रहेको दुधमती नदीको २९ किलोमिटर क्षेत्रफलको प्रारम्भिक चरणमा नक्सामोजिम क्षेत्रको रेखाङ्कन गरिने भएको छ । जनकपुरधाममा गंगाजस्तै पवित्र मानिने दुधमती नदीको किनारमा मन्दिर निर्माण गर्ने र मन्दिर बनाउने लक्ष्य राखिएको छ ।

# झारपातसँ कुरूप बनैत रारा ताल

**मुगु ।**
देशक पैघ आ प्राकृतिक सौन्दर्यसँ भरल रारा ताल पछिला समयसँ झारपातके कारण कुरूप बनैत गेल अइछ । तालके कछेरमे बढ़ रहल झारपातसँ पर्यावरण सन्तुलनमे असर पहुँच रहल अइछ, सङे तालके प्राकृतिक सुन्दरतामे सेहो कमी आएल अइछ ।
तालके पाइन आ कछेर दुनु क्षेत्रमे झारपात फैल रहल छै । अइ तालके जैविक विविधतामे असर तँ होइते छै सङे तालके आकर्षण कम भ रहल छायाँनाथ रारा नगरपालिका–९ मुर्माके स्थानीय शिक्षक नन्दसिंह रोकाया बतौलैन । 'रारा तालके मुख्य आकर्षण एकर लील रङके पाइन आ साफ वातावरण छियै, किछ समयसँ बढ़ रहल झारपातसँ सुन्दरता हराबैत गेलासँ समयमे सफाइ करए पड़त,' ओ कहलैन ।
रोकाया कहलैन हम जहिया छोट रहि तँ ताल बहुत साफ देखाइत छलै, आइकाइल झारपात आ सफाइ नै भेलासँ ताल कुरूप बइन रहल बतौलैन । 'साफ आ सुन्दर ताल आइकाइल दुर्गन्धित आ बिरूप देखा रहल छै,' ओ कहलैन ।
रारा राष्ट्रिय निकुञ्ज कार्यालयद्वारा झारपात नियन्त्रण लेल किछ प्रयास भेलोपर पर्याप्त साधन आ स्रोतके अभावसँ समस्या भ रहल जनौलक अइछ । निकुञ्जके वरिष्ठ संरक्षण अधिकृत महेश नौपाने रारा तालके पश्चिमदिस, निजारलगायत किछ स्थानमे तालकँ सुन्दर करबाक योजना बनाएल गेल छल, तत्काल ओइ योजनाकँ कार्यान्वयन करबाक जानकारी देलैन ।
रारा तालकँ दीर्घकालीन रूपमे संरक्षण करबाक लेल योजनाबद्ध रूपमे झारपात नियन्त्रण, सफाइ अभियान आ जैविक विविधताके संरक्षण करबा चाही से विज्ञसभके सुझाव अइछ ।

# विकाश निर्माणकँ प्रकृतिमैत्री बनाएल जाओः उपप्रधानमन्त्री

**काठमाण्डू ।**
उपप्रधानमन्त्री एवम् शहरी विकाशमन्त्री प्रकाशमान सिंह जलवायु परिवर्तनके असरसँ नेपाल प्रभावित भेल कहैत विकाश निर्माण करैत काल प्रकृतिके धीयानमे राइख क माले काज करबाक लेल जोड़ देलैन अइछ । आइ सोलु दूधकुण्ड नगरपालिकाके प्रशासनिक भवन शिलान्यास करैत उपप्रधानमन्त्री सिंह जथाभावी विकाश निर्माण नै करबाक चाही, करैत काल प्रकृतिकँ कम हानी होए तेना क विकाश निर्माण करबाक चाही कहलैन ।
'विकाश निर्माण प्रकृतिमैत्री होएबाक चाही, हमरासभकँ विभिन्न घटनाक्रम सेहो सिखबाक चाही,' ओ कहलैन, 'गामँ ठामँकँ बचाबैके छै तँ वातावरणकँ धीयानमे राखै पड़त ।' ओ प्रशासकीय भवन निर्माण भेलाक बाद पालिकाके सेवा प्रवाहमे गति आएत आ नागरिक सहज रूपसँ सेवा प्राप्त करत बतौलैन । पर्यटकीय हिसाब सोलुखुम्बु उत्कृष्ट गन्तव्य रहल उल्लेख करैत ओ ४० वर्ष पहिने पिता गणेशमान सिंहसङे सोलुखुम्बु आएल रही, स्मरण केलैन । ताहि समय आ एखनके समयमे सोलुखुम्बुमे विकाश निर्माण बहुत भेल हुनक कहब छलैन ।
उपप्रधानमन्त्री सिंह राजनीतिक स्थिरता आ आर्थिक विकाशक लेल वर्तमान सरकार काज क रहल आ जनताकँ आओर अधिकार सम्पन्न बनेबाक लेल संविधान संशोधन करत प्रष्ट कहलैन ।
उपप्रधानमन्त्री सिंह शिलान्यास केलैन प्रशासकीय भवन पालिकाके आन्तरिक स्रोतसँ दू वर्षभितरे बनाएल जाएत पालिकाके प्रमुख नाम्गेल जाङ्बु शेर्पा बतौलैन । कार्यक्रममे रक्षामन्त्री मानबहादुर राई सेहो सहभागी छलैथ ।

# राष्ट्रिय पुँजी निर्माणमे पर्यटन क्षेत्रके महत्वपूर्ण छैः मन्त्री

**विराटनगर ।**
कोशी प्रदेश सरकार पर्यटन वर्ष–२०८२ क लेल सचिवालयके स्थापना केलक अइछ । पर्यटन, वन तथा वातावरण मन्त्रालयमे स्थापना भेल सचिवालयके उद्घाटन करैत पर्यटन, वन तथा वातावरणमन्त्री सदानन्द मण्डल राष्ट्रिय पुँजी निर्माणमे पर्यटन क्षेत्रके महत्वपूर्ण भूमिका रहल बतौलैन अइछ ।
ओ कोशी प्रदेशमे धार्मिक, भौगोलिक आ प्राकृतिक हिसाब सेहो पर्यटनके प्रचुर सम्भावना रहलासँ एकर सदुपयोग करबा लेल जोड़ देलैन । 'हमरासभ प्रवेशद्वारमे प्रहरी जाँच करबा क पर्यटकके सवारीमे स्टिकर लगाबै छी, जाहिसँ रस्तामे बेर बेर प्रहरी चेकजाँचके समस्या नै रहै छै,' ओ कहलैन ।
पर्यटन वर्ष सफल करबाक लेल निजी क्षेत्रके महत्वपूर्ण भूमिका भेलासँ विभिन्न समितिमे निजी क्षेत्रकँ संलग्न कराएल गेल जानकारी देलैन अइछ ।
मन्त्रालयक सचिव विशाल घिमिरे पर्यटकके लेल ई प्रदेश अत्यन्त सम्भावनायुक्त उल्लेख करैत पर्यटन वर्ष–२०८२ सफल बनेबाक लेल सबके साथ आवश्यक भेल बतौलैन । पर्यटन वर्ष–२०८२ निर्देशक समितिक सहसंयोजक भविष्य श्रेष्ठ आ कृष्णकुमार साह सरकार ई योजनाकँ सफल बनेबाक लेल सबकियो रातिदिन खटबाक प्रतिबद्धता व्यक्त केलैन ।



# सरकारकँ सफल बनेबाक लेल सबके साथ जरुरी

**धनुषा ।**
नेपाली कांग्रेसके नेता डा. शेखर कोइराला वर्तमान सरकारकँ सफल बनेबाक लेल सब पक्षकँ जिमेवारीपूर्वक काज करबाक आवश्यकता रहल बतौलैन अइछ ।
आइ जनकपुरधाममे आयोजित पत्रकार सम्मेलनमे ओ संविधानक मर्मअनुसार वर्तमान सरकार गठन भेल आ ई सरकार सफल हेबे करत ।
राजनीतिक अस्थिरता देशक विकाशमे अवरोध बइन रहल अवस्थामे नेपाली कांग्रेस आ नेकपा (एमाले)बीच सहमतिसँ सरकार गठन भेल ओ उलेख केलैन ।
ओ कहलैथ, 'यदि वर्तमान सरकार असफल भेल तँ देश अराजकतादिस जाएत । तँए, वर्तमान सरकारकँ कोनो हालतमे सफल बनबै पड़त ।'
डा कोइराला अगिला निर्वाचनमे कांग्रेस असगरे चुनावमे ठाढ़ होबाक लेल तैयार रहल उल्लेख करैत पार्टी भित्र कोनो मनमोटाव नै भेल बतौलैन ।

# सहकारीसम्बन्धी अध्यादेश जारी



काठमाण्डू ।
राष्ट्रपति रामचन्द्र पौडेल सहकारीसम्बन्धी अध्यादेश सार्वजनिक केलैन अइछ । सरकारक सिफारिसमे राष्ट्रपति पौडेल 'सहकारीसम्बन्धी केही नेपाल ऐन'कँ संशोधन करबाक अध्यादेश, २०८१' सार्वजनिक केलैन अइछ ।
'राष्ट्रपति पौडेल नेपालक संविधानके धारा ११४ के उपधारा (१) बमोजिम नेपाल सरकार, मन्त्रिपरिषद्के सिफारिसमे अध्यादेश सार्वजनिक केलैथ,' राष्ट्रपति कार्यालयद्वारा सार्वजनिक विज्ञप्तिमे उल्लेख अइछ । पछिला समय सहकारी क्षेत्रमे देखाओल गेल समस्या समाधानक लेल संसद्के अधिवेशन नै भेल अवस्थामे सरकारद्वारा अध्यादेश आनल गेल छल ।

# भ्रष्टाचार निवारण ऐनके प्रभावकारी कार्यान्वयन जरूरी

**काठमाण्डू ।**
प्रतिनिधिसभाक सांसदसभ 'भ्रष्टाचार निवारण ऐन, २०५९' के प्रभावकारी कार्यान्वयनमे जोड़ देलैन अइछ । ट्रासपरेन्सी इन्टरनेशन (टीआई) नेपाल एत आइ आयोजना केने 'महिलाक सामाजिक तथा आर्थिक अधिकारमे भ्रष्टाचारक नकारात्मक प्रभाव' विषयक अन्तरक्रियामे सांसदसभ भ्रष्टाचारके सम्बन्धमे सर्वसाधारणके सुख शान्ति आ आर्थिक हितके लेल ऐनके प्रभावकारी कार्यान्वयन करब जरुरी रहल बतौलैन ।
सांसद रोशना कार्की सब क्षेत्रसँ भ्रष्टाचार निर्मुल करबाक लेल ऐनके कार्यान्वयनमे सब सक्रिय रहबाक लेल कहलैन । एखनके निर्वाचन प्रणाली बहुत महग भेलासँ सेहो भ्रष्टाचार प्रशय पाइब रहल छै कि हुनक धारणा छलैन ।
सांसद लक्ष्मी तिवारी देशमे व्यवस्था परिवर्तन भेलोपर सामाजिक सोचमे खासे परिवर्तन नै भेल, कहैत तुलनात्मक रुपमे महिलाके अवसर आ जिमेवारी देलापर भ्रष्टाचार न्यूनीकरणमे सहयोग हएत कहलैन ।
राष्ट्रिय महिला आयोगक अध्यक्ष कमला पराजुली संसद्मे दर्ता भेल भ्रष्टाचार निवारण (पहिल संशोधन) विधेयक २०७६ आ अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेसर संशोधन), २०७६ कँ प्रभावकारी बनेबाक लेल शीघ्र पारित क प्रभावकारी कार्यान्वयन करबाक लेल विचार व्यक्त कएलैन ।
अधिवक्ता अजिता अर्याल राजस्व चुहावट तथा निवारण ऐन २०५२, विशेष अदालत ऐन २०५९, सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ आ निजामती सेवा ऐन २०७४ लगायत भ्रष्टाचारसङ सम्बन्धित सब ऐन–कानुनके प्रभावकारी कार्यान्वयन आ समय सापेक्ष आवश्यक सुधारदिस आओर बातचित करबाक आवश्यकता भेल कहलैथ ।

## कोहिनूर बचत तथा ऋण सहकारी संस्था लि.

बिरगंज,पर्सा

### कर्जा चुक्ता गर्न आउने बारेमा ३५ दिने अत्यन्तै जरुरी सुचना

प्रकाशित मिति :- २०८१/०९/१५ पहिलो पटक

यस कोहिनुर बचत तथा ऋण सहकारी संस्था लि.का मिति २०८१/०९/१५ तपसिलमा उलेखित ऋणीहरुले यस संस्थाबाट उपभोग गरेको कर्जा समय समयमा बुझाउनु पर्ने साँवा,ब्याज आदि नतिरी नबुझाई ऋण लिदा गरेको शर्त कबुलियत उलंघन गरेको र संस्थाले मौखिक एवम लिखित रुपमा पटक पटक तर ताकेता गर्दा समेत सो कर्जाको तिर्नु पर्ने साँवा,ब्याज तथा हर्जाना ब्याज समेत चुक्ताभुक्तान नगरेको हुँदा यो सूचना पहिलो पटक प्रकाशित गरिएको मितिले ३५ दिन भित्रमा कर्जाको सम्पूर्ण साँवा,ब्याज तथा हर्जाना समेत चुक्ताभुक्तान गर्नुहुन यो सूचना पहिलो पटक प्रकाशित गरिएको छ। अन्यथा उल्लेखित मिति भित्रमा बुझाउनुपर्ने सम्पूर्ण कर्जा साँवा,ब्याज तथा हर्जाना समेत भुक्तान नगरेमा यस संस्थालाई कर्जाको सुरक्षण बापत लेखिदिएको तपसिल बमोजिमको धितोमा रहेको चलअचल सम्पति जहाँ जे जस्तो अवस्थामा छ सोहि अवस्थामा लिलामबिक्रिगरि वा अन्य व्यवस्था गरि संस्थाको साँवा,ब्याज तथा हर्जाना लगायत असुली कारवाहीको सिलसिलामा भएको अन्य खर्चहरु समेत असुल उपर गरि लिने तथा लेना रकम असुल उपर नभएको खण्डमा तपाई ऋणीहरु त्था धनजमानी दिनेको घर घरानार चलअचल सम्पतिबाट असुल उपर गरिनुका साथै प्रचलित नियम कानुन बमोजिम तपाई ऋणी तथा जमानीकर्तालाई कालो सुचिमा राख्न सिफारिश गर्ने व्यहोरा समेत ऋणी,जमानी कर्ताहरु तथा सम्बन्धित सबैलाई जानकारी गराईन्छ।

तपसिल

| सि.नं. | ऋणीको नाम,ठेगाना | कर्जाको सुरक्षण बिवरण |
|---|---|---|
| १ | ऋणी : देव मतिया देवी<br>पति : शंकर दास<br>बुवा : दर्शै पजियार<br>ससुरा : भुलन दास थारु<br>कर्जा शिर्षक :व्यपार कर्जा  | श्री भुलन दास थारु को बुहारी शंकर दास को श्रीमति देव मतिया देवी पर्सा जिल्ला सखुवा प्रसौनी वडा न. ८ बस्ने ना.प्रा.न ८११६१०३३ मिति २०४५/०१/२४ पर्सा बर्ष ६४ को देव मतिया देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बिरगंज वडा न १६ स्थितको किता नं. ६४३ को जग्गाको क्षेत्रफल ०.००५५ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| २ | ऋणी : हेमन्ती सोनारिन<br>पति : रामकृत सा सोनार<br>बुवा : निर्गुण साह सोनार<br>ससुरा : महेन्द्र सा सोनार<br>कर्जा शिर्षक :व्यपार कर्जा  | श्री महेन्द्र सा सोनार को बुहारी रामकृत सा सोनार को श्रीमति हेमन्ती सोनारिन बारा जिल्ला नरही वडा न. ४ बस्ने ना.प्रा.न१८१३/०९८२ मिति २०४६/११/१७ बारा वर्ष ५८ को हेमन्ती सोनारिन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला नगवा बी वडा नं. ७ स्थितको किता नं. ३५९ को जग्गाको क्षेत्रफल ०-०-५$^{१/२}$ को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ३ | ऋणी : कुमारी देवी<br>पति : तुलसी पंडित कुम्हाल<br>बुवा : कारी पंडित कुम्हाल<br>ससुरा : शिवलाल पंडित<br>कर्जा शिर्षक :व्यपार कर्जा  | श्री शिवलाल पंडित को बुहारी तुलसी पंडित कुम्हाल को श्रीमति कुमारी देवी पर्सा जिल्ला हरपतगंज वडा न. ६ बस्ने ना.प्रा.न ३६६११७९६ मिति २०४६/०१/२० पर्सा बर्ष ५७ को कुमारी देवी को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला हरपतगंज वडा न ५ स्थितको किता नं. ८२५ को जग्गाको क्षेत्रफल ०-१-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ४ | ऋणी : रिता देवी अहिरिन<br>पति : दरोगा राउत यादव<br>बुवा : किसनाथ राउत अहिर<br>ससुरा : बनवारी राउत<br>कर्जा शिर्षक :व्यपार कर्जा  | श्री बनवारी राउत को बुहारी दरोगा राउत यादव को श्रीमति रिता देवी अहिरिन पर्सा जिल्ला उदयपुर घुर्मी वडा न. ६ बस्ने ना.प्रा.न ३४३०८३/१९३ मिति २०६३/११/१२ पर्सा बर्ष ३६ को रिता देवी अहिरिन को नाममा एकलौटी दर्ता कायम भएको पर्सा उदयपुर घुर्मी वडा न ८ स्थितको किता नं. ५००,७५३ को जग्गाको क्षेत्रफल ०-४-३-०,०-४-०-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ५ | ऋणी : हाकिम राउत<br>पत्नी : कविता देवी<br>बुवा : बनवारी राउत<br>बाजे : श्यामलाल राउत<br>कर्जा शिर्षक :व्यपार कर्जा  | श्री श्यामलाल राउत को नाती बनवारी राउत को छोरा हाकिम राउत पर्सा जिल्ला उदयपुर घुर्मी वडा न. ६ बस्ने ना.प्रा.न ९८६११८९५ मिति २०६०/०३/१५ पर्सा बर्ष ३९ को हाकिम राउत को नाममा एकलौटीदर्ता कायम भएको पर्सा जिल्ला उदयपुर घुर्मी वडा न ५ स्थितका किता नं. ५७६ को जग्गाको क्षेत्रफल ०-०-१५-० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |
| ६ | ऋणी : जवाहीर महरा चमार<br>पत्नी : सरिता देवी<br>बुवा : महादेव महरा चमार<br>बाजे : धरिछन महरा चमार<br>कर्जा शिर्षक :व्यपार कर्जा  | श्री धरिछन महरा चमार को नाती महादेव महरा चमार को छोरा जवाहीर महरा चमार पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा न. ७ बस्ने ना.प्रा.न ०४४९१९२३ मिति २०४६/११/२३ पर्सा बर्ष ५७ को जवाहीर महरा चमार को नाममा एकलौटी दर्ता कायम भएको पर्सा जिल्ला बागेश्वरी तित्रौना वडा न ७ स्थितका किता नं. ८६ को जग्गाको क्षेत्रफल २००.०० को घरजग्गा तथा अन्य लिगलागपातहरु र भविष्यमा उक्त घरजगामा कुनै थप निर्माण कार्यहरु भए सो समेत सम्पूर्ण निर्माण तथा लिगलागपातहरु समेत । |

# सुशासन कायम करबाक लेल प्रम कार्यालयमे 'गभर्मेन्ट रिफर्म सेन्टर'

**धनुषा ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले) महासचिव शङ्कर पोखरेल सुशासन कायम करैत 'समृद्ध नेपाल, सुखी नेपाली' के राष्ट्रिय आकांक्षा हासिल करबाक दिशामे अग्रसर होइत प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमे 'गभर्मेन्ट रिफर्म सेन्टर' स्थापना करबाक बतौलैन अइछ ।
प्रभावकारी सेवा प्रवाह तथा सरकारी कामकाजकँ देश आ जनताप्रति केन्द्रित करए लेल 'गभर्मेन्ट रिफर्म सेन्टर' आवश्यक भेल हुनक कहब छैन । आइ जनकपुरधाममे पत्रकारसभसङे बात करैत ओ तेहन सेन्टर स्थापनाक सङे तकर हरेक कार्यालयमे एकाइ स्थापना करए लेल गृहकार्य शुरू भ चुकल बतौलैन ।
दू पैघ राजनीतिक दलके गठन भेल वर्तमान सरकार जनताक अपेक्षा पूरा करबाक लेल हरसम्भव प्रयत्न क रहल बतौलैन । महासचिव पोखरेल विगतके तुलनमे सार्वजनिक निकायसभसँ प्रभावकारी ढङ्ग सेवा प्रवाह भेल बतौलैन । सङे ओ देशमे लगानीके वातावरण सेहो बनल बतौलैन ।

# करातेमे नेपाल पहिल बेर स्वर्णपदक जीतल

**भारत ।**
एत सार्वजनिक अन्तर्राष्ट्रिय खुला कराते प्रतियोगितामे नेपाल स्वर्णपदक जीतल अइाछ ।
उमेर समूहके काता प्रदर्शनमे नेपाल पहिल स्वर्ण पदक प्राप्त केलक अइछ ।
दश वर्ष उमेर समूहके नेपालक खेलाडी सिद्वार्थ राना स्वर्णपदक जीतल छैथ । भारतीय राष्ट्रिय कराते सङ्के आयोजनामे भेल प्रतियोगितामे बङ्गलादेश, श्रीलङ्कालगायत भारतके विभिन्न क्षेत्रसँ एक सओसँ बेसी खेलाडी सहभागी भेल अइछ ।
प्रतियोगिताअन्तर्गत आइ आ काइल विभिन्न उमेर आ तौल समूहके फाइनल खेल हएत । प्रतियोगितामे नेपालसँ महिला तथा पुरुष मिलाए क जमा १८ गोटे खेलाड़ी सहभागी छैथ ।

# गौरमा जनकपुर बोल्ट्सको स्वागत



**मधेशदृष्टि**
**रौतहट ।**
नेपाली प्रिमियर लिग (एनपिएल) विजेता जनकपुर बोल्ट्सका खेलाडीलाई सदरमुकाम गौरमा भव्य स्वागत गरिएको छ । काठमाडौँमा सम्पन्न प्रथम एनपिएलका ट्रफी विजेता जनकपुर बोल्ट्सका खेलाडीलाई गौर नगरपालिकाका मेयर शम्भु साहलगायतका संघसंस्थाले स्वागत गरेको हो ।
मेयर साहले खेलाडीलाई फूलमाला लगाएर सम्मानपत्र प्रदान गरे । कार्यक्रममा जनकपुर बोल्ट्सको जितलाई ऐतिहासिक उपलब्धि भएको भन्दै मेयर साहले स्थानीय खेलकुदको विकास र प्रोत्साहनमा योगदान पु¥याउने प्रतिबद्धता जनाए । जनकपुर बोल्ट्सका व्यवस्थापन पक्षले ट्रफी र खेलाडीसहित मधेश प्रदेशको आठ वटै जिल्लामा जाने कार्यक्रमअनुसार आइतबार बिहान गौर पुगेका हुन् ।
क्रिकेट संघ रौतहटको आयोजनामा बोल्ट्सका खेलाडी र व्यवस्थापन पक्षलाई विभिन्न झाँकी प्रदर्शन गर्दै गौर राइस मिल्समा स्वागत गरिएको थियो ।

# ऐतिहासिक महत्वको पर्सागढी स्थानीयको अतिक्रमणमा



**मधेशदृष्टि**
**वीरगंज ।**
तत्कालीन ब्रिटिस इष्ट इन्डिया कम्पनीको फौजलाई गोर्खाली सेनाले हराएको ऐतिहासिक पर्सागढी अतिक्रमणमा परेको छ । पुरातात्विक सम्पदामा स्थानीय, प्रदेश र सङ्घीय तीनवटै सरकारको ध्यान नपुग्दा स्थानीयको अतिक्रमणमा परेको हो ।
पर्सागढी मन्दिर व्यवस्थापन समितिका अध्यक्ष वृजमोहन चौधरीले गोर्खाली सेनाले तत्कालीन ब्रिटिस सेनालाई हराएको ऐतिहासिक पर्सागढीको जङ्गल क्षेत्र स्थानीय जनताले कब्जा गरेर आफ्नो नाममा ल्याएको बताए । ‘ऐतिहासिक पर्सागढीको ५० बिघाभन्दा अधिक क्षेत्रफलमा वन फैलिएको थियो’, उनले भने, ‘स्थानीयको अतिक्रमणले हाल एक बिघा दुई कट्ठामा सीमित भएको छ ।’ अध्यक्ष चौधरीले जग्गा फिर्ता ल्याउने कोसिस गरे पनि त्यसमा सफल नभएको बताए । उनले आफ्ना सातौँ पुस्ताका अग्रज रञ्जित चौधरीले गोर्खाली सेनासँग मिलेर ब्रिटिस फौजसँग युद्ध जितेको ऐतिहासिकस्थल भावी पुस्ताका निम्ति संरक्षण गर्नुपर्नेमा जोड दिए । पर्सागढी नगरपालिकाका प्रमुख गोकर्ण पाठकले ऐतिहासिक युद्धस्थल पर्सागढीको अतिक्रमणमा परेको जग्गा फिर्ता ल्याउने तयारीमा जुटेको जानकारी दिए । ‘पर्सागढीको जग्गा फिर्ता ल्याउनका लागि आवश्यक पहलकदमी भइरहेको छ’, उनले भने, ‘आवश्यक कानुनी प्रक्रिया पूरा गरेर जग्गा फिर्ता लिनेछौँ’, पर्सागढीको बृहत्तर गुरुयोजना बनाएर व्यवस्थित गर्न जरुरी भएको उनले बताए ।

**यस्तो छ इतिहास**
विसं १८७१ पुस १८ र १९ गते नेपाल र ब्रिटिस इष्ट इन्डिया कम्पनी फौज पर्सागढीमा युद्ध भएको थियो । अङ्ग्रेज फौजको नेतृत्व मेजर जनरल मार्लेअन्तर्गतका कप्तान सिब्लीले गरेका थिएभने नेपाली फौजको नेतृत्व भने रञ्जित चौधरीले गरेको बताइन्छ । साविक गाउँ जिगना, पचरुखी, चैनपुर, वागीश्वरी, वागवान, हरपुर, बिरुवा, बकनेर्वाका स्थानीय बासिन्दाले ठूलो संख्यामा स्थानीय हातहतियारसहित भैँसी तथा राँगाको सिङमा मसाल बाँधी दुवै खोलाको मुहान र दोभान छाडी गोर्खाली फौजको ठूलो संख्या आएको भान पारी अङ्ग्रेजलाई त्यहाँबाट भगाएको कथन छ ।

**के छ पर्सागढीमा ?**
पर्सागढीको युद्धमा सक्रिय भूमिका निर्वाह गरेका रञ्जित चौधरीका कूलदेवता वन्हरबाबाको मन्दिर निर्माण गरिएको छ । पर्सागढी मन्दिर परिसरमा धर्मशाला पनि सञ्चालनमा छ । समितिका अध्यक्ष चौधरीले पुराना हतियार पनि सङ्ग्रह गरिए पनि सङ्ग्रहालय निर्माण गर्न नसकिएको बताए ।

**यसरी मनाइँदैछ २१०औँ विजय महोत्सव**
ब्रिटिस इष्ट इन्डिया कम्पनीको फौजलाई गोर्खाली सेनाले हराएको ऐतिहासिक युद्धस्थलमा बर्सेनि विजय महोत्सव हुने गरेको छ । यस वर्ष पनि उक्त दिनको स्मरण गर्दै यही पुस १९ गते पर्सागढी २१०औँ विजय महोत्सव आयोजना हुँदैछ । पर्सागढी मन्दिर व्यवस्थापन समिति, नेपाली सेनाको श्रीजङ्ग गण, पर्सागढी नगरपालिकाको सहकार्यमा महोत्सव हुनेछ । रासस

# ५ सय ६५ जनाको आँखाको निःशुल्क शल्यक्रिया

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पर्सागढी नगरपालिका वडा नम्बर ४ बर्वाछटैलीमा सञ्चालित तीन दिने शिविरमा ५ सय ६५ जनाको आँखाको निःशुल्क शल्यक्रिया गरिएको छ । सिंगापुरको सिंइंग होप नामक संस्थाको आर्थिक सहयोग तथा तीलगंगा आँखा अस्पताल काठमाडौँको प्राविधिक सहयोगमा पर्सागढी नगरपालिकाले सञ्चालन गरेको शिविरमा मोतियाबिन्दु भएका ५ सय ६५ जनाको आँखाको निःशुल्क शल्यकृया गरिएको हो ।
पुस ११ देखि १३ गतेसम्म बर्वा छटैलीस्थित नेपाल राष्ट्रिय मावि प्रांगणमा सञ्चालित शिविरमा पहिलो दिन २ सय २०, दोश्रो दिन १८० र तेस्रो दिन १६५ जनाको शल्यक्रिया गरिएको पर्सागढी नगरपालिकाका मेयर गोकर्ण पाठकले जानकारी दिए ।
शिविरमा तिलगंगा आँखा अस्पतालका चिकित्सक डा. सागर रुइत र डा. दीक्षा विष्ट नेतृत्वको स्वास्थ्यकर्मीको टोलीले फेको प्रविधिद्वारा आँखामा लेन्स लगाएर शल्यक्रिया गरेको तिलगंगा आँखा अस्पतालका बाह्य कार्यक्रम अधिकृत नामखेन लामाले बताए । शिविरमा शल्यकृया गरिएकाहरुलाई औषधि र चश्मापनि निःशुल्क वितरण गरिएको उनले जानकारी दिए । शल्यक्रिया शिविरअघि पर्सा जिल्लाका विभिन्न ११ स्थानमा आँखाको जाँचशिविर गरिएको र त्यसमा करिब २ हजार २ सय जनाको आँखाको परिक्षण गर्दा ती मध्ये ७ सय जनामा मोतियाबिन्दुको समस्या भेटिएको शिविरमा प्राविधिक सहयोग गरेको वीरगंज सामुदायिक आँखा केन्द्रका सञ्चालक महेशसिंह धामीले जानकारी दिए । उनका अनुसार, तीमध्ये शल्यकृया शिविरमा ५ सय ६५ जनामात्र आएकाले उनीहरुको शल्यक्रिया गरिएको हो । तीनदिने शिविरमा आँखाका बिरामीहरुको यातायात, खाना र आवासको व्यवस्थापन पर्सागढी नगरपालिकाले गरेको पर्सागढी नगरपालिकाका मेयर पाठकले बताए । त्यसमा नगरपालिकाको करिब १० लाख रुपैयाँ खर्च भएको उनले जानकारी दिए ।
शिविरबाट पर्साको पर्सागढी नगरपालिकाका साथै बहुदरमाई नगरपालिका, वीरगंज महानगरपालिका, पटेर्वा सुगौली गाउँपालिका, सखुवा प्रसौनी गाउँपालिका, बाराको जीतपुरसिमरा उपमहानगरपालिकाका साथै छिमेकी मुलुक भारतका स्थानीयले लाभ लिएको मेयर पाठकले बताए ।

# दलित अधिकार कार्यान्वयनका लागि थप बजेट विनियोजन गरिने

**मधेशदृष्टि**
**महोत्तरी ।**
पिपरा गाउँपालिकाका अध्यक्ष रामजानकी यादवले दलित समुदायका लागि थप बजेट विनियोजन गर्ने प्रतिवद्धता व्यक्त गरेका छन्। आइतबार गाउँपालिकाको सभाहलमा आयोजित 'नीति, कार्यक्रम र बजेटमा दलित समुदायको पहुँच' अन्तरक्रियामा बोल्दै उनले दलित समुदायका लागि चालु हिउँदे अधिवेशनबाटै विशेष कार्यक्रम कार्यान्वयन गर्न बजेट छुट्याउने बताए । पालिकाकी उपाध्यक्ष बन्दना पाण्डेयले पनि कार्यक्रमलाई सम्बोधन गर्दै दलित समुदायका लागि पालिका सहजीकरण गर्न तयार रहेको बताइन् । साथै, दलित समुदाय आफैं पनि आफ्नो हक अधिकारका लागि सक्रिय हुनुपर्नेमा उनले जोड दिइन्।
सहभागीहरूले पालिकाको बजेट, नीति तथा कार्यक्रम निर्माण प्रक्रियामा दलित समुदायको सक्रिय सहभागिता सुनिश्चित गर्न आग्रह गरे।



दलित सरोकार मञ्च नेपालका कार्यकारी निर्देशक भोला पासवानको अध्यक्षतामा सम्पन्न कार्यक्रममा कार्यक्रम संयोजक मनिष कोईरालाले पिपरा गाउँपालिकामा दलित समुदायको पहुँचबारे अध्ययन प्रतिवेदन प्रस्तुत गरे । कार्यक्रममा सहभागीहरूले यस्तो कार्यक्रमले पालिकाको उत्तरदायित्वलाई थप प्रभावकारी बनाउन मद्दत पुऱ्याउने धारणा राखे ।
२०७९-८० आर्थिक वर्षको बजेटमा पिपरा गाउँपालिकाले दलित समुदायका लागि ७५ लाख ८८ हजार रुपैयाँ विनियोजन गरेको थियो, जुन कुल बजेटको ०.८९ प्रतिशत मात्र हो । यो रकम दलित समुदायका छात्रवृत्ति, सामुदायिक भवन निर्माण, सीपमूलक तालिम र सांस्कृतिक कार्यक्रमका लागि छुट्याइएको थियो ।
२०८०-८१ आर्थिक वर्षका लागि पिपरा गाउँपालिकाले ५२ लाख २ हजार रुपैयाँ दलित लक्षित बजेट छुट्याएको छ, जुन कुल बजेटको १.११ प्रतिशत हो

# ५ सय र हजारको नोट बन्द गर्नुपर्छः गुरुङ



**मधेशदृष्टि**
**महोत्तरी ।**
नेपाली कांग्रेसका उपसभापति धनराज गुरुङले घुसखोरी र कमिसनखोरी न्यूनीकरण गर्न ५ सय र १ हजारका नोट तत्काल बन्द गर्नुपर्ने बताएका छन् ।
कांग्रेस महोत्तरी क्षेत्र नम्बर–३ को क्षेत्रीय सम्मेलनलाई जलेश्वरमा आइतबार सम्बोधन गर्दै पूर्वमन्त्रीसमेत रहेका गुरुङले सुशासन कायम हुन नसक्ने, देश बन्न नसक्ने भएकाले दोस्रो पाइलाका रूपमा देशमा चलनचल्तीमा रहेका ठूला नोट तुरुन्त बन्द गरिनुपर्छ भने । उनले देशको आर्थिक अवस्था जर्जर भएर लोकतन्त्र खतरामा रहेको बताए । सुशासनका लागि सबै नेता र कर्मचारीको सम्पत्ति छानबिन तथा शुद्धिकरण गरिनुपर्ने पनि उनले बताए । देशमा घूसखोरी, कमिसन र भ्रष्टाचार मौलाएको अवस्थामा देशको आर्थिक अवस्था खुकुलो भएको उनले बताए । वर्तमान अवस्थामा विकासको परिकल्पना गर्न नसकिने र अर्थतन्त्र बलियो नभए लोकतन्त्र बलियो नहुने पनि उनले बताए ।

# सुशासन कायम गर्न प्रम कार्यालयमा ‘गभर्मेन्ट रिफर्म सेन्टर’ बन्ने

**मधेशदृष्टि**
**धनुषा ।**
नेपाल कम्युनिष्ट पार्टी (एमाले)का महासचिव शङ्कर पोखरेलले सुशासन कायम गर्दै ‘समृद्ध नेपाल, सुखी नेपाली’ को राष्ट्रिय आकाङ्क्षा हासिल गर्ने दिशामा अग्रसर हुन प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयमा ‘गभर्मेन्ट रिफर्म सेन्टर’ स्थापना गरिने बताएका छन् । प्रभावकारी सेवा प्रवाह तथा सरकारी कामकाजलाई देश र जनताप्रति केन्द्रित गर्न ‘गभर्मेन्ट रिफर्म सेन्टर’ आवश्यक भएको उनको अभिमत छ । आइतबार जनकपुरधाममा पत्रकारहरूसँग कुरा गर्दै उनले त्यस्तो सेन्टर स्थापनाका साथै त्यसका एकाइ हरेक कार्यालयमा स्थापना गर्ने गरी गृहकार्य थालिएको बताए । दुई ठूला राजनीतिक दल मिलेर गठन भएको वर्तमान सरकारले जनताका अपेक्षा पूरा हरसम्भव प्रयत्न गरिरहेको बताए । महासचिव पोखरेलले विगतको तुलनमा सार्वजनिक निकायहरूबाट प्रभावकारी ढङ्गले सेवा प्रवाह भएको बताए । साथै उनले मुलुकमा लगानीको वातावरण पनि बनेको बताए ।

# छिन्नमस्ता बालविवाहमुक्त पालिका घोषणा



**मधेशदृष्टि**
**सप्तरी ।**
जिल्लाको छिन्नमस्ता गाउँपालिका बालविवाहमुक्त पालिका घोषणा भएको छ । आइतबार पालिकामा आयोजित कार्यक्रममा मधेश प्रदेशका मुख्यमन्त्री सतिशकुमार सिंहले छिन्नमस्तालाई बालविवाहमुक्त पालिका घोषणा गरेका हुन् । छिन्नमस्ता बालविवाहमुक्त घोषणा भएको मधेश प्रदेशको तेस्रो पालिका भएको पालिका अध्यक्ष विद्यानन्द चौधरीले बताए । बालविवाहका असर र कानुनी सजायका बारेमा पालिकावासीलाई यथेष्ट रूपमा जानकारी गराएका छौं,’ भन्नु हुँदै सरोकारवाला सबैसँगको समन्वय र सहकार्यमा पालिकालाई बालविवाहमुक्त पालिका घोषणा गरिएको बताए ।

# राजावादीले मनाए स्व.राजा विरेन्द्रको जन्मजयन्ती



**मधेशदृष्टि**
**वीरगंज ।**
श्री ५ महाराजधिराज बिरेन्द्र वीर बिक्रम शाहदेव सरकारको ८० औँ जन्मजयन्ती वीरगंजमा मनाईएको छ ।
देशभक्त राजभक्तका अध्यक्ष दिपेन्द्र प्रसाद रौनियारको अध्यक्षतामा वीरगंज स्थित महावीर मन्दिरको प्राङ्गणमा जन्मोत्सव कार्यक्रम मनाईएको हो । कार्यक्रममा सतीश कुमार श्रीवास्तव, अब्दुल सतार अन्सारी, विरेन्द्र थापा, महेन्द्र साह, अणु राणा, जनकलाल साह, पृथ्वी झा, ध्रुव सिंह ठकुरी, रामनारायण प्रसाद साह र रवि कुमार लाठ लगायतको सहभागिता रहेको थियो ।

# छात्रालाई दुर्व्यवहार गरेको भन्दै विद्यार्थी आन्दोलित



**मधेशदृष्टि**
**महोत्तरी ।**
जिल्लाको जलेश्वरमा प्रधानाध्यापकले एक छात्रालाई दुव्र्यवहार गरेको भन्दै विद्यार्थी आन्दोलित भएका छन् । जलेश्वर–२ स्थित लक्ष्मी चण्डी मुरारका माध्यमिक विद्यालयका प्रधानाध्यापक सञ्जीव झाले कक्षा ७ मा अध्ययन गर्ने छात्रालाई दुव्र्यवहार गरेको आरोप विद्यार्थीले लगाएका छन् । शुक्रबार विद्यालयको आफ्नो कक्षासँगै अन्य कक्षामा समेत आफूमाथि प्रधानाध्यापक झाले दुव्र्यवहार गरेको जानकारी छात्राले गराएकी थिइन् । आइतबार विद्यालय समय सुरु भएसँगै विद्यार्थी आन्दोलित भएका हुन् । आन्दोलित विद्यार्थीले प्रअ झामाथि कारबाही हुनुपर्ने माग राखेका छन् ।
विद्यार्थी आन्दोलनमा उत्रिएपछि आरोपबारे बुझ्न भन्दै प्रअ झालाई जिल्ला प्रहरी कार्यालयमा बोलाएर सोधपुछ गर्ने काम भइरहेको महोत्तरीका प्रहरी प्रमुख नकुल पोखरेलले जानकारी दिए । आन्दोलन रोक्न विद्यार्थीलाई सम्झाउने काम भइरहेको र घटनाबारे थप सोधपुछको काम अघि बढाएको पोखरेलले बताए । अहिले विद्यार्थीले विद्यालय अगाडि र जिल्ला प्रशासन कार्यालयअघि आन्दोलन गरिरहेका छन् ।

## सम्पादकीय

# भिडमा बुद्ध, आन्तरिक शितयुद्ध

नेकपा एमालेको पर्सा राजनीति अनेक आरोह–अवरोहमा गुज्रिरहेको छ । पार्टी अध्यक्ष केपी शर्मा ओली नै नेता तथा कार्यकर्ता प्रवेश कार्यक्रममा हेलिकोप्टर सयर गरेर आउन थालेपछि पर्साको राजनीतिलाई महत्व दिइएको देखिन्छ । पनि पार्टी अध्यक्ष, प्रधानमन्त्री नै यसरी महत्ताका साथ समय मिलाएर घण्टौँ पर्साको ग्रामीण भेगमा समेत बस्ने गरी आउन थालेपछि पक्कै तीन वटा मन्त्रीको जिल्ला पर्सामा अरु भन्दा एमालेमा आकर्षण हुने नै भयो । पूर्वराजाको पनि रोजाइमा पर्छ पर्सा । नेपाली कांग्रेसका नेताहरु पनि पर्सा आइरहन्छन् । उपेन्द्र यादवलाई पनि पर्सामा आफ्नो पार्टी कमजोर होला कि भन्ने भय छ ।

किनभने पर्साको राजनीतिमा नेतृत्व गरिरहेको दुई युवा नेता प्रदीप यादव र राजेशमान सिंहले यसपटक उपेन्द्र यादवलाई छाडेका छन् । यसैले पर्सामा आफ्नो पकड कमजोर नहोस् भनेर उपेन्द्र यादव पनि बेलाबखत कार्यक्रम गरिरहन्छन् । तर एमालेले भने अरुले भन्दा बढी नै कार्यक्रम गरेर शक्ति आर्जनको सन्देश दिन खोजेको छ । यो शक्ति प्रदर्शन देखिँदा मात्रै बलियो हो कि, भित्रभित्रै कतै यो शक्ति एकअर्कालाई खुइल्याउन त प्रयोग हुँदैन भन्ने संशय पनि छ ।

२०८० मंसिर ७ गते पर्साको पोखरियामा नेकपा एमालेले एउटा विशाल कार्यक्रम गरेको थियो । कार्यक्रमको मक्सद थियोः पप्पु कन्स्ट्रक्सनका मालिक हरिनारायण रौनियारलाई एमाले प्रवेश गराउने । पार्टी अध्यक्ष केपी शर्मा ओली नै आएर रौनियारलाई एमालेमा भित्र्याए । यद्यपि एमालेमा रौनियारको भूमिका खासै देखिएको छैन । उनले एमाले नेता बनेर कतै कार्यक्रममा वक्ता बनेका पनि छैनन् । कार्यक्रममा रौनियारसहित पोखरिया नगरपालिकाको उपमेयरका प्रत्यासीलगायतका व्यक्तिहरु एमालेमा प्रवेश गरे । रौनियारको आगमनले खासगरी पर्सा क्षेत्र नम्बर ३ को राजानीतिमा असर पर्ने देखिन्थ्यो । एमाले सांसद तथा ओली सरकारका संघीय मामिला तथा सामान्य प्रशासन मन्त्री राजकुमार गुप्ताको भूगोलका रौनियारको प्रवेश कतै गुप्तालाई कमजोर पार्ने एमालेकै आन्तरिक दाउपेच त होइन भन्ने प्रश्न थियो । अर्कोतिर गुप्ताको बढ्दो राजीतिक सक्रियतालाई ब्रेक लगाउन चाहने अरु पनि थिए । पोखरिया नगरपालिकाका प्रमुख तथा संविधानसभा सदस्य प्रधुम्न चौहानको पनि आन्तरिक प्रतिस्पर्धा गुप्तासँगै थियो । एमाले केन्द्रीय सदस्य तथा पर्सा इञ्चार्ज प्रभु हजारा, केन्द्रीय सदस्य निर्मला देवकोटालगायतका नेताहरु पनि गुप्ताको सक्रियताले आफ्नो राजनीतिक सरंक्षित हुन सक्दैन कि भन्नेमा छन् ।

यहीबीचमा पर्सामा फेरि प्रधानमन्त्री रहेका बेला केपी शर्मा ओली नै आएर अर्को विशाल पार्टी प्रवेश कार्यक्रम भएको छ ।

सखुवा प्रसौनी गाउँपालिकाको पँचगवामा नेकपा एमालेले पार्टी प्रवेश कार्यक्रम गरेर सखुवाप्रसौनी गाउँपालिकाका पूर्वअध्यक्ष प्रदीप जयसवाललाई भित्र्याएको छ । प्रदीप जयसवाल मधेस प्रदेश सरकारका खेलकुद तथा समाज कल्याण मन्त्री प्रमोद जयसवालका भाइ हुन् । २०७९ मा एमालेका जसवन्त यादवसँग पराजित यादवलाई एमालेमा ल्याउने काम भएको छ । यसले अहिलेका अध्यक्ष जसवन्त यादवको विकल्पका रुपमा हेरिएको छ । आफ्नो राजनीतिक भविष्य सुरक्षित राख्न एमाले पर्सामा नेताहरुबीच आन्तरिक प्रतिस्पर्धा चलिरहेको देखिन्छ । यो क्रम नयाँ चैँ होइन, २०७४ को प्रदेशसभा सदस्य निर्वाचनमा संघीय समाजवादी पार्टीबाट प्रदेशसभामा निर्वाचित मञ्जुर अन्सारीलाई एमालेमा प्रवेश गराएर टिकट दिएको थियो । स्वतन्त्रबाट जितेका प्रमोद जयसवाललाई मधेस प्रदेशमा खेलकुद तथा समाजकल्याण मन्त्री बनाइएन मात्र, भाइलाई पनि पार्टीमा प्रवेश गराइयो । पर्साकै जगरनाथपुरका जालिम मियाँलाई पनि एमालेमा प्रवेश गराउन हेलिकप्टर चढेर केपी ओली आएका थिए । यसरी झट्ट हेर्दा पर्सामा एमालेमा सबै नेताहरुको आकर्षण एमालेमा देखिन्छ । भिडमा सबै एउटै मालामा आवद्ध देखिन्छन् । भित्रभित्रै भने नेताहरुको गणित अहिलेदेखि नै चल्न थालेको लुकेको छैन ।

# ओरालो लागेका ओलीलाई लखेट्दै राष्ट्रपति पौडेलको त्यो टिप्पणी



युवराज घिमिरे

मुलुकको कूटनीति त्यसबेला असफल हुन्छ, जब अक्सर अर्थनीतिलगायत घरेलु नीतिमा अस्पष्टता या व्यापक समझदारीको अभाव हुन्छ । नेपालमा त्यो परिस्थिति त विद्यमान छँदै छ, त्योसँगै हरेक ठूला दल र तिनका ठूला नेताका आफ्नै 'विदेश नीति' र फरक–फरक प्राथमिकता तथा निजी स्वार्थ जोडिएका छन् त्यसमा। विदेश नीति निजी फाइदाका लागि सम्झौताको विषय बनेको छ ।

विगतका १८ वर्षमा अहिलेका शासक मात्र हैन, प्रमुख प्रतिपक्षी दलका सर्वोच्च नेताहरूले पनि विशुद्ध आन्तरिक मामिलामा समेत विदेशी हस्तक्षेप गुहारेका छन्, स्विकारेका छन् । सार्वभौम जनताले अनुमोदन या अस्वीकार गर्नुपर्ने महत्वपूर्ण एजेन्डामा तिनै 'दलाल' या परिचालित नेताहरूले आफ्नो स्वार्थका आधारमा निर्णय लिने गरेका छन् । राजनीतिमा नेपाली जनताको विश्वास गुम्नुको महत्वपूर्ण कारण यही हो । यही कथित राजनीतिको सेरोफेरोमा 'विदेश नीति' का सञ्चालकहरू घुमिरहेका छन् ।

कूटनीतिमा सर्वप्रथम राष्ट्रिय स्वार्थ के हो र तात्कालिक तथा दीर्घकालिक रूपमा त्यसलाई अघि बढाउन कुन–कुन पात्र उपयुक्त तथा प्रभावकारी हुन्छन् या हुन सक्छन्, त्यसमा स्पष्टता आवश्यक मानिन्छ । राष्ट्रिय स्वार्थको साझा अभिव्यक्तिका रूपमा विदेश नीतिलाई लिइने हुँदा त्यसमा कुनै पनि उपयुक्त योग्यता र चरित्रको व्यक्तिलाई प्रयोग गर्न सकिन्छ । बाह्य परिचालित शासनमा त्यस्ता व्यक्तिको प्रयोग सम्भव देखिँदैन । त्यो अवस्थामा विदेश नीति सत्ताको एउटा समूहको अभीष्टसँग जोडिन पुग्छ ।

अहिले भर्खरै परराष्ट्रमन्त्री आरजु राणा देउवा एक विशेष 'मिसन' मा दिल्लीमा पाँच दिन बिताएर स्वदेश फर्केकी छन् । कूटनीतिमा तत्कालको असफलता विदेश नीतिको दीर्घकालीन असफलता हैन । तर, प्रधानमन्त्री केपी शर्मा ओलीलाई भारत भ्रमणको निम्तो त्यहाँबाट हासिल गर्ने प्रयासमा परराष्ट्रमन्त्रीको दुई–दुई वटा भ्रमणको औचित्य के ? नेपालमा दुई दशकमा परराष्ट्र मन्त्रालयको औचित्य के ? नेपालमा दुई दशकमा परराष्ट्र मन्त्रालयको नेतृत्व गर्ने व्यक्तिमा आरजु राणा देउवालाई सर्वाधिक योग्य मान्न सकिन्छ, विभिन्न हिसाबले ।

राज्यसञ्चालन र कूटनीतिमा अनुभवी जुद्धशमशेरको वंशज, शैक्षिक योग्यता, अन्तर्राष्ट्रिय गैरसरकारी संस्थामा कार्यकारी तथा नेतृत्वदायी भूमिका, दातृसंस्थाहरूसँगको सम्बन्ध र यी यावत् कुरासँगै पाँचपल्ट प्रधानमन्त्री भएका शेरबहादुर देउवासँगको विवाहमा समेत एक जना महत्वपूर्ण विदेशी कूटनीतिज्ञको भूमिकाले के अर्थ राख्छ ?

मुलुकको हितमा यी योग्यता उपयोगी हुन सक्छन्। तर, ओलीलाई भारतबाट निम्तो प्राप्त गर्न यी विशिष्ठ योग्यताको प्रयोग आफैँमा तिनीहरूको अवमूल्यन हो । त्यसले अनेकौँ प्रश्न उब्जाएको छ । के वास्तवमा जर्मनीको आधिकारिक कार्यक्रमबाट सिधै दिल्ली जानु र त्यो पनि एउटा एनजिओको निम्तोमा, उपयुक्त निर्णय थियो परराष्ट्रमन्त्रीको तहमा ? के नेपालको महत्वपूर्ण दूतावास भएको र दुईपक्षीय सम्बन्धमा परम्परागत रूपमा धेरै च्यानल भएको भारतमा पूर्वसमझदारी नभई त्यहाँका 'समकक्षी' र अन्य व्यक्तिसँग भेट्न दैलो कुर्नुपर्ने परिस्थितिले देशको र मन्त्री स्वयंको इज्जत बढायो होला ? देशको छविको कुरा एकछिनपछि गरौँला ।

सम्भवतः गत महिना परराष्ट्रमन्त्रीसमेत संलग्न रहेको प्रधानमन्त्री केपी ओलीको चीन भ्रमणमा अनुदानमा बाहेक चीनसँग 'बेल्ट एन्ड रोड इनिसिएटिभ' हस्ताक्षर नगर्ने सार्वजनिक आश्वासन नेपालमा दिइएको थियो । त्यही आश्वासन उनले दिल्लीलाई दिएको बुझ्न सकिन्छ । त्यो आश्वासनविपरीत बेइजिङमा सम्झौता भएपछि दिल्लीलाई स्पष्टीकरण दिनु यसपल्टको यात्राको अघोषित 'मिसन' हुन सक्छ । यो यात्रामा परराष्ट्र नीति र राष्ट्रिय स्वार्थको मर्यादा जोडिएको थिएन ।

नेपालले स्वतन्त्र रूपमा विदेश नीति सञ्चालन गर्ने इच्छाशक्तिमा सम्झौता गर्न थालेको संकेत दिन थालेको छ । तर, नेपालको परराष्ट्रमन्त्री अपमानित हुँदा राष्ट्र अपमानित भएको मानिन्छ । आगामी दिनमा यो बहस र ठूलो निष्कर्षको विषय बन्न सक्छ, नेपालभित्र । वास्तवमा परराष्ट्रमन्त्री बनेको केही दिनमै दिल्ली पुग्दा त्यहाँका विदेशमन्त्री एस जयशंकर मात्र हैन, प्रधानमन्त्री नरेन्द्र मोदीलाई समेत भेटेर आएकी आरजु राणा देउवा र उनका समर्थकले त्यो भेटघाटलाई ठूलो उपलब्धि भने । भारतले ओलीलाई रुचाउँदैन, खासगरी नाकाबन्दी र चुच्चे नक्सा प्रकरणपछि । यो सर्वविदित छ । भारतले नरुचाउनु ओलीको अयोग्यता हैन । परराष्ट्रमन्त्री देउवालाई भारतले त्यसबेला दिएको महत्वमा केही सन्देश अन्तर्निहित थिए, दिल्लीको नजरबाट हेर्दा ।

पहिलो, उनले ओलीलाई 'नियन्त्रण' मा राख्न सक्छिन् । दोस्रो, परराष्ट्र मन्त्रालयमार्फत भारत आफ्नो स्वार्थ नेपालमा सुनिश्चित गर्न सक्षम रहनेछ । प्रतिस्पर्धी चीनसँगको चाहना पनि थियो त्यसमा । आरजु देउवाले यसमा आफ्नो राजनीतिक भविष्य देखेकी थिइन् । आखिर वर्तमान सरकार १२ बुँदे राजनीतिको निरन्तरता हो नै र त्यो जारी राख्दा भारतले भूमिका खेल्छ नै ! तर, बेइजिङमा बिआरआईमा हस्ताक्षर भएपछि दिल्लीले आरजु देउवाको प्रभावकारिताबारे आफ्नो धारणा परिवर्तन गर्नु अस्वाभाविक हैन । उसले देउवाको स्पष्टीकरण सुन्नसमेत चाहेन, कुनै तहमा। कूटनीतिमा उपयोगितावादको आफ्नै महत्व हुन्छ । ०६३ मा १२ बुँदे सहमति स्वीकार गरी प्रधानमन्त्रीका रूपमा भारत जाँदा गिरिजाप्रसाद कोइरालालाई 'लिजेन्डरी स्टेट्सम्यान अफ साउथ एसिया' को पगरी गुथाएका थिए, प्रधानमन्त्री मनमोहन सिंहले विमानस्थल नै पुगेर। त्यो उपयोगिताको कूटनीतिकै प्रयोग थियो ।

कोइरालाको पतन त्यहीँबाट सुरु भयो । उनले आफ्नो स्वार्थका लागि आफूलाई वस्तुनिष्ठ रूपमा मूल्यांकन गर्ने कोसिस गरेनन्, बरु जे थिएनन् त्यो भएको भ्रमको बीजारोपण भारतले गरिदियो उनको दिमागमा ।

वस्तुनिष्ठ आत्ममूल्यांकनको अभाव र अर्काले विशेष प्रयोजनका लागि दिएको हैसियतको आधारमा कूटनीति सञ्चालन गर्दा सधैँ त्यो हैसियत बाँड्ने शक्तिकै प्रभुत्व र स्वार्थ स्थापित हुने गर्छ । गिरिजाप्रसाद कोइरालाबाट सिक्ने पर्याप्त अवसर आरजु राणा देउवालाई नभएको होइन। त्यहाँको संस्थापनबाट भोगेको अपमानपछि स्वदेश फर्केलगत्तै परराष्ट्रमन्त्रीले सगरमाथा 'डायलग' सुरु गर्ने घोषणा गरेकी छन् जलवायु परिवर्तनको विषयमा ।

यो महत्वपूर्ण एजेन्डा हो विश्व र नेपालका लागि तर, सायद १० दिनअघि पोखरामा चीनको सिचुवान विश्वविद्यालय र त्रिभुवन विश्वविद्यालयका रजिस्ट्रारको सक्रियतामा भएको 'फेवा डायलग' चिनियाँ राजदूतले दाबी गरेजसरी नेपालको 'नेसनल डायलग' सिरिज नभएको अभिव्यक्ति तत्कालको प्रयोजनका लागि दिएकी हुन् । चीन यात्रामा नेपाली कांग्रेस एजेन्डाको पराजय र भारतमा यसपल्ट आरजु राणा देउवाले पाएको व्यवहारपछि आएको उनको यो अभिव्यक्तिलाई अलग राख्न मिल्दैन । 'फेवा डायलग'बारे भारत प्रशन्न हुने त कुरै भएन ।

आरजु राणाको दिल्ली भ्रमण उपलब्धिविहीन भए पनि प्रधानमन्त्री ओलीले उनीमाथिको रणनीतिक निर्भरता कम गर्ने छैनन् । ओली राजनीति र सत्ता निरन्तरतामा अहिले नेपाली कांग्रेस र देउवा परिवारको समर्थन जरुरी छ । ओलीको पार्टीभित्र उनीमाथि विरोध तीव्र हुने अनेक संकेत आइरहेका बेला उनले भीम रावलको निष्कासनसँगै अन्य दुई जना अर्थात् विन्दा पाण्डे र उषा किरण तिम्सिनालाई निलम्बन गरेका छन् ।

विद्यादेवी भण्डारीसँग निकट मानिएका पछिल्ला दुई व्यक्तिविरुद्धको अनुशासन कारबाहीले उनले 'फेवा डायलग' मा सामेल पूर्वराष्ट्रपतिलाई र अरुलाई पनि कुनै किसिमको आलोचना सह्य नहुने सन्देश दिएका छन् । सन्देश दक्षिण र पश्चिमा मुलुकका लागि पनि हो ।

तर, सिद्धान्त र नीतिबाट नचल्ने र आन्तरिक प्रजातन्त्र शून्य रहेको दलमा व्यक्तिप्रतिको बफादारी सधैँ सुनिश्चित हुँदैन । ओलीको सर्वसत्तावादी र आलोचकप्रति प्रतिशोधको राजनीति अब प्रत्युत्पादकताको चरणमा प्रवेश गरिसकेको छ ।

अब डुब्न लागेको जहाज छोड्ने प्रवृत्ति एमालेमा सुरु हुनेछ । हाल राष्ट्रप्रमुख रहेका रामचन्द्र पौडेलले चार वर्षअघि ओली प्रधानमन्त्री रहेकै बेला तनहुँमा उनले दिएको अभिव्यक्तिको 'भिडियो'सहित नेपाल खबरले विस्तृत विवरण प्रकाशित गरेको छ । राष्ट्रपतिले प्रधानमन्त्रीलाई 'हत्यारा' भनेको प्रमाण सार्वजनिक हुँदा अब त्यसबाट पौडेल पन्छिन पाउँदैनन् । (म त्यसबेला राष्ट्रपति पदमा थिइनँ) भनेर उम्किने अवस्था छैन र दिइनु हुँदैन पौडेललाई । राष्ट्रपतिबाट त्यस्तो अभिव्यक्ति आउँदा अरुलाई अनुशासन, नैतिकता र जवाफदेहितासँगै राजनीतिका आदर्श पढाउन उद्यत ओली प्रधानमन्त्रीको कुर्सीमा बसिरहनु हुँदैन ।

उनीसँग अहिले 'च्वाइस' को अधिकार छैन । हो, उनले सत्ता साझेदार नेपाली कांग्रेसका रमेश लेखक मातहत रहेको नेपाल प्रहरीको 'साइवर ब्युरो' लाई दुर्गा प्रसाईंलाई जस्तै सोधपुछ र गिरफ्तार गर्न आदेश दिन सक्छन् चरित्र र साहस भएमा । या राष्ट्रपतिविरुद्ध महाभियोग सुरु गर्न पाउँछन् उनले । तर, यो आरोपलाई नसुनेजस्तो गरेमा ओलीको अनुहार र चरित्रमा यो दाग नमेटिने गरी टाँसिइरहन्छ ।

बेइजिङमा समेत आफूले प्रजातन्त्रका लागि विरोध गर्दा १४ वर्ष जेल परेको उनको दाबीलाई राष्ट्रपतिले खारेज गरेका छन् । यो मामिलामा प्रतिवाद नगर्दा ओलीबारे मुलुकभित्र र मुलुकबाहिर बन्ने धारणाको बोझ र अपमान मुलुकले खप्न हुँदैन र सक्दैन भनी सुनिश्चित गर्ने दायित्व राज्यका सबै निकायको हो ।

ओलीसँगै पौडेलले पनि त्यो पदमा रहने नैतिक हैसियत र अधिकार गुमाएका छन् । चारित्रिक न्यूनता या अभावका कारण शीतलनिवास र बालुवाटार खाली हुनुपर्ने अवस्था अभूतपूर्व र अस्वाभाविक प्रकृतिको छ, राष्ट्र र राजनीतिक व्यवस्थाको जीवनमा ।

एमाले र नेपाली कांग्रेसमा चेत र चरित्रको स्तर पनि परीक्षाको विषय बनेको छ । चेत र चरित्र नभएका पार्टीको जिम्मामा मुलुकको भविष्य, राष्ट्रियता र प्रजातन्त्र छोड्न मिल्दैन । यसको अर्थ माओवादी फरक छ यी दुईभन्दा भन्ने अर्थ लगाउनु पनि गल्ती हुनेछ । किनकि दण्डहीनता, व्यक्तिहत्या तथा कुशासनसँगै भ्रष्टाचार र बाह्य शक्तिसमक्ष समर्पणबारे माओवादीमा यी दुई दलभन्दा फरक मत र चरित्र छैन। यी अपराध र दुर्गुण बोकेका शक्ति र नेताहरूलाई अग्रगामी र लोकतान्त्रिक शक्ति मान्न जनता तयार छैनन् ।

# मनमोहन सिंहः बेइमानहरूमाझ एक इमानदार व्यक्ति



शिवशंकर मेनन

४२ वर्षे सरकारी कार्यकालको दौरान सँगै काम गरेका सबैभन्दा सजिला हाकिम थिए डा. मनमोहन सिंह। उनी शान्त, दयालु र विचारशील थिए । फरक विचार र तर्कसंगत बहसलाई उनी स्वागत गर्थे । तर उनीसँग बहसका लागि तपाईंले पर्याप्त गृहकार्य गरेको र बहसमा के भनिरहनुभएको छु भन्नेबारे थाहा पाउनु आवश्यक हुन्थ्यो । उनको तीक्ष्ण दिमागले कसैमा रहेको अज्ञानता या अस्पष्टता जाँच्न सक्थ्यो । आफ्नो आँखामा धुलो हाल्न खोज्नेहरूको कडा प्रतिवाद गर्न उत्तिकै सक्षम थिए ।

उनीसँग मेरो काम प्रायः विदेश र सुरक्षाबारे हुने गर्थ्यो । संसार कसरी चल्छ भन्नेबारे उनमा थोरै मात्र भ्रम थियो । उनी धेरै स्पष्टसँग बुझ्थे। विश्वसँगको लामो अनुभवका कारण उनीसँग स्पष्ट दृष्टिकोण थियो। विश्वका जटिलता जान्दाजान्दै पनि उनमा निराशा थिएन । उनी बुझ्थे कि कूटनीतिमा विश्वसनीयता नै सबै कुरा हो । इमानदारी वास्तवमै उत्तम नीति हो । आफ्नोबारे पूर्ण खुलासाचाहिँ होइन, तर इमानदारी! किनभने कूटनीतिमा बाह्य मुलुकका कर्ताहरूसँग काम गरिन्छ । उनीहरू मुलुकको नियन्त्रणबाहिर हुन्छन्, जसका आफ्नै स्वतन्त्र जानकारीका स्रोतहरू हुन्छन् ।

मुलुकको कानूनले देशभित्र काम गर्छ तर अन्तर्राष्ट्रिय कूटनीतिमा त्यसले गर्दैन । र, भरपुर विश्वसनीयता थियो डा. मनमोहन सिंहसँग । विश्वले उनको बौद्धिकता र इमानदारीको कदर गर्थ्यो र उनले त्यसलाई भारतको हितमा प्रयोग गरेका थिए । विश्वका नेताहरूले उनको सल्लाहलाई कस्तो सम्मानसाथ लिएका थिए र उनले जी २० र पूर्वी एशियाली सम्मेलनजस्ता अवसरमा उनको कस्तो प्रभाव थियो भनेर मैले देखेको छु । यो कुनै सामान्य कुरा थिएन कि अमेरिकाका पूर्वराष्ट्रपति बाराक ओबामाले उनलाई आफ्नो गुरु भनेका थिए ।

उनीसँगको प्रत्येक भेटमा उनीभित्रको शिक्षक भेट्न पाइन्थ्यो । डा. मनमोहन सिंहसँगको भेटपश्चात् जोकोही प्रत्येकचोटि थप ज्ञान र राम्रो दृष्टिकोणसाथ बाहिर निस्कन्थ्यो । सधैँ केही न केही सिक्न पाइन्थ्यो । सरकारी काम गर्नेहरूलाई पक्कै थाहा छ कि यो कति दुर्लभ कुरा हो । तर सबैभन्दा महत्त्वपूर्ण कुरा यो हुन्थ्यो कि उनीसँग काम गर्दा एक असाधारण नेतासँग काम गरिरहेको महसुस हुन्थ्योः एक राजनीतिज्ञ जो तात्कालिक लाभमा ध्यान दिँदैनथे । बेइमानहरूका बीच उभिएका एक इमानदार व्यक्ति थिए उनी । सीप, ज्ञान र प्रयासले कतिसम्म प्राप्त गर्न सकिन्छ भन्ने कुरा उनको जीवनले देखाएको थियो । उनी यस्ता नेता थिए, जो प्रचार, भाषण वा बल प्रयोगमा भर पर्दैनथे ।

मलाई के कुराले अचम्मित बनाएको थियो भने उनका लागि बिलकुलै नयाँ मुद्दामा समेत उनमा स्पष्टता थियो । पछि मैले बुझेँ कि उद्देश्यमा भएको उनको प्रष्टता नै त्यसको कारक हो । विदेश नीतिको राजनीतिक अर्थतन्त्रबारे उनमा फराकिलो ज्ञान थियो । उनी विदेश नीतिको उपयोग गर्दै भारतलाई आधुनिक, समृद्ध र सबै नागरिकको लागि सुरक्षित देशका रूपमा परिवर्तन गर्ने कुरामा जोड दिन्थे । यस्तो मापदण्डले उनलाई खतरा र अवसर (दुवै)को महत्त्व मूल्यांकन गर्ने र एउटामा अर्को देख्ने क्षमता प्रदान गर्थ्यो ।

सन् २००९ मा श्रीलंकन सरकार तत्कालीन 'एलटीटीई'लाई एक प्रभावकारी सैनिक शक्तिबाट कमजोर बनाएर सिद्ध्याउँदै थियो । त्यसले भारतमा अनेकन् राजनीतिक जटिलतासमेत ल्याएको थियो, सिंहले त्यसलाई श्रीलंकाली सरकारलाई भारतीय सुरक्षा सीमारेखाको सम्मान गर्न बाध्य बनाउने अवसरका रूपमा देखे । विदेशी पनडुब्बीलाई हाम्रो बन्दरगाहमा नबोलाउने विषयलाई कार्यान्वयन गराउन हामी सन् २०१४ सम्म सफल भयौँ ।

उनको उद्देश्यको स्पष्टताले नै उनलाई त्यस्ता मुद्दामा अघि बढ्न शक्ति दिएको थियो र उनी राष्ट्रिय स्वार्थमा विश्वास गर्थे । अमेरिकासँगको आणविक सम्झौता र 'एनएसजी वेभर'मा उनको दृढता नै त्यसको कारक बन्यो, जबकि भारतीय राजनीतिक प्रक्रियामा यस्ता सम्झौताका सम्भावना उज्ज्वल थिएनन् । आफ्नो सरकारको भविष्य नै दाउमा पारेर ती मुद्दा अगाडि बढाउनुले उनको सौम्य प्रकृतिभित्र लुकेको दृढ इच्छाशक्तिको अनुमान लगाउन सकिन्छ ।

पेसागत धर्म अब्बल ढंगले निर्वाह गर्ने उदाहरण थिए उनी । वस्तुनिष्ठ हुने र भावनालाई आफ्नो पेसागत कामभन्दा बाहिर राख्न सक्ने क्षमता थियो सिंहमा । एक पटक पाकिस्तानको 'गाह' (जुन भारत र पाकिस्तान छुट्टिँदासम्म सिंहको मूलघर थियो) बाट आएर उनलाई धेरै भावुक मनसाथ भेट्न चाहिरहेका मान्छेहरू आए । त्यसपछि सिंहले मलाई आफ्ना परिवारले विभाजनको समयमा भोगेका कठिनाइबारे भनेका थिए, जसमा परिवारका सदस्य उनले गुमाएका थिए र त्यस दुःखद व्याख्याले मलाई त्रस्त तुल्यायो ।

त्यही सन्दर्भमा उनीसँग सोधेँ, 'उसो भए पाकिस्तानसँग शान्ति र मैत्री खोज्न कसरी सम्भव छ ?' उनको जवाफ सरल थियो, 'भावनाले जस्तो सुझाए पनि पाकिस्तानसँगको मैत्री आखिर भारतको हितमा छ ।' त्यसपछि उनले पाकिस्तानसँग गरेका मैत्रीका प्रयासबारे जायज तर्क प्रस्तुत गरे । मलाई विश्वास छ कि भविष्यका सरकारले उपयुक्त समय आउँदा तिनको अनुसरण गर्नेछन् । म अहिले पनि आश्चर्यचकित हुने गर्छु कि त्यस्तो भोगेर आएको मान्छे कसरी 'पाकिस्तान नीति'का सन्दर्भमा तर्क र विवेक पच्छयाउन सक्छ ?

मनमोहन सिंह आफूलाई प्रदर्शन गर्ने खालका व्यक्ति थिएनन् । र त्यसैले पनि उनले जर्ज बुस र वेन जिबाओजस्ता नेतासँग राम्रो सम्बन्ध बनाए, जो अत्यन्तै फरक पृष्ठभूमि, शिक्षा र अनुभवबाट आएका थिए । मन्थन र विचारको जीवनले सिंहलाई उत्साहित पार्थ्यो । आफ्ना महत्वपूर्ण भाषण उनी आफैँ तयार पार्थे र २०१४ मे १७ मा प्रधानमन्त्री पदबाट राजीनामा दिँदै गर्दाको बिदाइ भाषण संक्षिप्तताको उत्कृष्ट उदाहरण हो, जसमा उनीभित्र स्थापित गहिरो विश्वासलाई व्यक्त गरिएको छ ।

यसको मतलब यो होइन कि सिंहसँग हाँसीमजाकको भावना नै थिएन । व्यक्तिगत जीवनमा उनी खुलेर हाँस्न सक्थे। बाँकी संसारले उनको त्यो पक्षसमेत देखोस् भन्ने मलाई लाग्थ्यो, तर उनी दिलैदेखि गोप्य व्यक्ति थिए ।

मानवता आधारित उनको प्रेम र वफादारी प्रेरित गर्ने क्षमता सबैभन्दा धेरै उनको याद आउने विषय हो । शालीनता र नैतिकताले राजनीतिमा स्थान पाउन र सफल हुन सक्छ भन्ने कुरा उनीसँग काम गर्दा तपाईंमा विश्वास जाग्थ्यो । उनले सही भनेका थिए कि समकालीन मिडिया र विपक्षी दलहरूको तुलनामा इतिहासले उनको राम्रो मूल्यांकन गर्नेछ । उकालो

# प्रेस स्वतन्त्रताको विपक्षमा कुनै पनि काम हुँदैनः मुख्यमन्त्री पाण्डे




**कास्की ।**
गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले प्रदेश सरकारले प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको विपक्षमा कुनै पनि काम हुन नदिने बताएका छन् ।

नेपाल पत्रकार महासङ्घ गण्डकी प्रदेश समितिको नवनिर्वाचित कार्यसमितिको आइतबार शपथ तथा पदस्थापन कार्यक्रममा उनले प्रेसलाई कुण्ठित गर्न खोजियो भने प्रजातन्त्र कमजोर हुन्छ भन्ने आफूलाई राम्रो अनुभूति रहेको बताएका हुन् ।

मुख्यमन्त्री पाण्डेले भने, 'प्रेसलाई कुण्ठित गर्न खोजियो भने प्रजातन्त्रको अवस्था के हुन्छ भन्ने कुरा राम्ररी अनुभूति गरेका छौँ । साथसाथै प्रेस र प्रेस स्वतन्त्रतालाई खोस्न चाहनेको हालत के भयो भनेर इतिहासमा हाम्रै देशमा देखिएको छ ।'

नागरिकले पत्रकारिता र सामाजिक सञ्जालबारे भिन्नता छुट्टाउन नसकेको उनले उल्लेख गरे । सामाजिक सञ्जालमा आउने हरेक कुरालाई नागरिकले समाचारका रूपमा ग्रहण गरिरहेकाले पत्रकारिता र सञ्जालको फरक स्थापित गर्नुपर्नेमा उनले जोड दिए ।

'सामाजिक सञ्जालका कारण नकारात्मक भावना फैलिएको छ । त्यसलाई पत्रकारिताले चिर्नु आवश्यक छ । नत्र भने पत्रकारको आफ्नै इज्जत, मान र प्रतिष्ठामा आँच आउने अवस्था छ', मुख्यमन्त्री पाण्डेले भने ।

गण्डकी प्रदेशमा लामो समयदेखि रोकिएको आमसञ्चार विधेयक सरकारले पारित गरेर कानुनअनुसार प्रेस रजिस्टार नियुक्त गरे पनि यो सरकारी निकाय मात्र नभई पत्रकारको हकहितका लागि आवाज उठाउने निकाय समेत रहेको उनले बताए । मुख्यमन्त्री पाण्डेले गण्डकी प्रदेशको समाचारलाई मूलधारका सञ्चार माध्यमले स्थान नदिएको गुनासो गरे ।

उनले भने, 'जिल्ला र प्रदेशका समाचारलाई केन्द्रले प्राथमिकता दिएको देखिएको छैन । सरकारको पक्षमा लेखिदिनुहोस् भनेर म भन्दिन । पक्ष अथवा विपक्षमा जे भए पनि सरकारका गतिविधिबारे चासो राखेर लेखिदिनुहोस् भन्ने मेरो आग्रह हो ।'

गण्डकी प्रदेशका प्रेस रजिस्टार विमला भण्डारीले प्रेस रजिष्टारको कार्यालयले पत्रकारिताको क्षेत्रमा गर्नुपर्ने कामका लागि सबैको सल्लाह र सुझाव लिएर कार्यविधि बनाउने काम गरिरहेको बताइन् । नेपाल पत्रकार महासङ्घका केन्द्रीय सचिव सोनी शर्माले पत्रकार महासङ्घ क्रियाशील पत्रकारहरूको मात्र संस्था बन्नुपर्नेमा जोड दिइन् ।

गण्डकी प्रदेश समितिका नवनिर्वाचित अध्यक्ष रमेश पौडेलले पत्रकारिता पेशामा नयाँ पुस्ताको आकर्षण बढाउने काम गर्ने प्रतिबद्धता जनाए । उनले पत्रकारको हकहितका साथै क्षमता विकासका लागि ११ वटै जिल्लामा कार्यक्रम गर्ने योजना रहेको सुनाए ।

निवर्तमान अध्यक्ष नारायण शर्माले प्रदेश समितिले चुनौतीका बीचमा धेरै काम गरेको बताए । अध्यक्षका प्रत्याशी गोविन्द सुवेदीले महासङ्घले सबै पत्रकारलाई समेटेर लैजानुपर्ने र पेशागत आचारसंहिता पालनामा जोड दिए ।

कार्यक्रममा निर्वाचन समितिका संयोजक कोमलनाथ बरालले प्रदेश समितिमा नवनिर्वाचित अध्यक्षसहित पदाधिकारी र कार्यसमितिका सदस्यहरूलाई पद तथा गोपनीयताको शपथ गराएका थिए । रासस

# सुन्दर र समृद्ध नेपाल हाम्रो साझा उद्देश्य होः प्रधानमन्त्री



**काठमाडौँ ।**
प्रधानमन्त्री केपी शर्मा ओलीले सुन्दर, शान्त र समृद्ध नेपाल बनाउने आफूहरुको साझा उद्देश्य भएको बताएका छन् ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) केन्द्रीय कार्यालय, च्यासलमा आइतबार आयोजित पार्टी प्रवेश कार्यक्रममा एमाले अध्यक्ष ओलीले विभिन्न पेसा व्यवसायमा रहेका व्यक्तिहरुको रुची फरक फरक हुने भए पनि साझा उद्देश्य समृद्ध नेपाल नै भएको बताए ।

'एमाले एउटा नदी हो, यसमा सबै खोला मिसिन्छिन् । मौरीको सङ्गत लागेर मौरीको पछिपछि लागेमा फूलबारीमा पुगिन्छ । झिँगाको सङ्गत गरेर उसको पछिपछि लागेमा फोहोरको डङ्गुरमा पुगिन्छ । तपाईंहरुको एमालेमा आउने छनोट सही छ ।

तपाईंहरु नमूना हुनुपर्छ', प्रधानमन्त्री ओलीले भने, 'प्रवेशका माध्यममा पार्टीमा समाहित भएकाहरु सबै मिलेर हामी साझा उद्देश्यका परिवार भएका छौँ ।

हामीले नेपाल प्रतिभाहरुको देश हो भन्ने कुरा स्थापित गर्नुपर्छ । हरेक पुराना रेकर्डहरु ब्रेक गर्नुछ र नयाँ नयाँ कीर्तिमान कायम गर्दै जानुपर्छ । युवाहरुलाई भड्काउने अनेक जालझेलबाट बच्नुपर्छ ।'

प्रधानमन्त्री ओलीले आफूहरुलाई प्रभाव छोड्नपर्ने नभई कामको नतिजा निकाल्नुपर्ने भएकाले साँचो र यथार्थपरक जीवनयापन गर्न आग्रह गरे ।

कार्यक्रममा नेपाल जेसिजका निवर्तमान राष्ट्रिय अध्यक्ष रविन पोखरेललगायत युवाहरु एमालेमा प्रवेश गरेका थिए ।

सो क्रममा 'मिसेज हेरिटेज इन्टरनेसनल'का विजेता बिभा बस्नेत, युवाहरु शिवानी गौतम, गायत्री बिसीलगायत एमालेमा प्रवेश गरेका थिए । पोखरेल र बस्नेतले दूरदर्शी सोच भएका अध्यक्ष ओली नेतृत्वको पार्टीले देश बनाउने सङ्कल्प बोकेकाले यस अभियानमा आफूहरु सारथि बन्ने उल्लेख गरे ।

कार्यक्रममा एमाले उपमहासचिव विष्णुप्रसाद रिमाल, सङ्गठन विभाग प्रमुख काशिनाथ अधिकारी, जनसङ्गठन संयन्त्र इञ्चार्ज भानुभक्त ढकाललगायत उपस्थित थिए । रासस

# 'वन्यजन्तुमैत्री वातावरण सृजना गरी संरक्षणमा सबै लाग्नुपर्छ'

**ललितपुर ।**
वन तथा वातावरणमन्त्री एवं राष्ट्रिय प्रकृति संरक्षण कोषका अध्यक्ष ऐनबहादुर शाही ठकुरीले चिडियाखानालाई विस्तार गर्दै वन्यजन्तुमैत्री वातावरण सृजना गरी वन्यजन्तु संरक्षणमा सबै लाग्नुपर्ने बताएका छन् ।

राष्ट्रिय प्रकृति संरक्षण कोषले सदर चिडियाखाना व्यवस्थापनको २९औँ वार्षिकोत्सवका अवसरमा आइतबार जावलाखेलमा आयोजित समारोहमा मन्त्री ठकुरीले सदर चिडियाखानाको विस्तार गर्दै पूर्वाधार विकासमा संरक्षण साझेदार र विज्ञहरूको भूमिका महत्त्वपूर्ण हुने धारणा राखे । 'चिडियाखानालाई विकास र विस्तार गर्दै अन्तर्राष्ट्रिय रूपमा उत्कृष्ट प्राणी उद्यान बनाउन भक्तपुरको सूर्यविनायकमा काम भइरहेको छ, १४ अर्बको लागतको विस्तृत आयोजना प्रतिवेदन (डिपिआर) तयार भएको छ, यो कामलाई पूर्णता दिन सरकार गम्भीर रूपले लाग्नेछ, यसमा जनप्रतिनिधिहरूको निरन्तर सहयोग आवश्यक छ', मन्त्री ठकुरीले भने । उनले नेपाललाई प्रकृतिमय र सम्भावनाको केन्द्रका रूपमा विकास गर्दै वनलाई सम्भावना र समृद्धिसँग जोडेर अगाडि बढाउनुपर्नेमा जोड दिए ।

वनमन्त्री ठकुरीले चिडियाखानाको व्यवस्थापन कोषले गर्नेगरी निर्णय भएको भन्दै सोको कार्यान्वयन प्रयोजनका लागि सम्झौता भइसकेकाले सदर चिडियाखानाको आगामी व्यवस्थापनमा कोषलाई सफलता मिल्नेछ भन्ने विश्वास व्यक्त गरे ।

'कोषको अध्यक्षका रूपमा सदर चिडियाखानाको व्यवस्थापनमा कोषले गर्दै आएका विविध कार्यक्रमहरूलाई नजिकबाट नियाल्ने अवसर पाएको छु, विगत २९ वर्षको अवधिमा चिडियाखानाले वन्यजन्तुको व्यवस्थापन, संरक्षण शिक्षा र आगन्तुकहरूका लागि मनोरञ्जन प्रदान गर्ने कार्यमा उल्लेख्य भूमिका निर्वाह गरेको छ', उनले भने ।

मन्त्री ठकुरीले चिडियाखानाले वन्यजन्तुको उद्धार, उपचार र पुनःस्थापनामा वन तथा वातावरण मन्त्रालयअन्तर्गतका विभिन्न निकायहरूसँग सहकार्य गरी उल्लेख्य भूमिका निर्वाह गरेकामा प्रशंसा गरे ।

'चिडियाखानाको व्यवस्थापन कोषलाई हस्तान्तरण भएपश्चात् वन्यजन्तुको सम्पूर्ण बासस्थानको पुनर्निर्माण, एम्बुलेन्स र दक्ष जनशक्ति सहितको वन्यजन्तु अस्पताल सञ्चालन, वन्यजन्तुहरूलाई पोषणयुक्त दाना आहाराको सुनिश्चितता गरिनुका साथै वन्यजन्तुको कल्याणकारी व्यवस्थालाई प्राथमिकतामा राखेर विभिन्न कार्यहरू हुँदै आएको मैले पाएको छु', उनले भने ।

मन्त्री ठकुरीले परिवेशअनुसार प्रकृतिको संरक्षण गर्दै जलवायु परिवर्तनको असरको न्यूनीकरण गर्ने जिम्मेवारी हाम्रो काँधमा आएको छ भन्ने धारणा राखे । उनले विसं २०७१ कात्तिक २ गतेको मन्त्रिपरिषद्को निर्णयबमोजिम आगामी ३० वर्षका लागि कोषलाई चिडियाखानाको व्यवस्थापन गर्ने जिम्मेवारीसहितको सम्झौता भएकामा खुसी व्यक्त गरे ।

'नेपाल सरकारले सातवटै प्रदेशमा प्राणी उद्यान एवं वनस्पति उद्यान निर्माण गर्ने नीति लिएको छ, यस प्रकारका उद्यान निर्माणमा कोषले प्राविधिक एवं आथिक रूपमा वन तथा वातावरण मन्त्रालयसँग सहकार्य गर्नसक्ने आधारहरू छन् । आगामी ३० वर्षको अवधिमा चिडियाखानाले आफूलाई 'हेरिटेज जु'का रूपमा विकास गरी ऐतिहासिक महत्वसहित छुट्टै पहिचान स्थापित गर्न सक्नुपर्दछ । यस चिडियाखानालाई आगामी दिनमा यहाँ रहेका वन्यजन्तुहरूलाई अन्तर्राष्ट्रिय मापदण्डबमोजिम बासस्थानको सुनिश्चितता गर्न, वन्यजन्तु अस्पतालको स्तरोन्नति, वन्यजन्तुको उद्धार तथा अन्य चिडियाखानाको क्षमता अभिवृद्धिमा सहयोग गर्नसक्ने गरी केन्द्रीय स्रोतका रूपमा विकास गर्न म कोषका सदस्य सचिव र कोषको सम्पूर्ण समूहलाई निर्देश गर्दछु', वनमन्त्रीले ठकुरीले भने ।

प्रतिनिधिसभाका सांसद दुर्लभ थापाले जीवजन्तुले खुला रूपमा बाँच्न पाउने अवसर सृजना गर्नुपर्ने बताए । उनले सूर्यविनायकको प्राणी उद्यानलाई गौरव गर्न लायक बनाउने गरी समन्वय र सहकार्य गरेर नेपाल सरकारले उचित र प्रभावकारी व्यवस्थापन गर्नुपर्नेमा जोड दिए । उनले थप ३० वर्षका लागि सदर चिडियाखानाको व्यवस्थापन गर्ने जिम्मेवारी राष्ट्रिय प्रकृति संरक्षण कोषलाई दिएकामा खुसी व्यक्त गरे ।

ललितपुर महानगरपालिकाका प्रमुख चिरीबाबु महर्जनले संरक्षण कोषलाई चिडियाखाना व्यवस्थापनको जिम्मेवारी थप ३० वर्षका लागि दिएकामा खुसी व्यक्त गर्दै यो चिडियाखाना ललितपुर महानगरको गौरव भएको बताए । उनले यसको संरक्षण र प्रवर्द्धनका लागि महानगरले हरसम्भव प्रयास गर्ने उल्लेख गरे ।

प्रमुख महर्जनले परापूर्वकालमा लगनखेलको सप्तपाताल पोखरीको पानी चिडियाखाना आउने गरेको स्मरण गर्नुहुँदै आफ्नो कार्यकालमा त्यो पूरा गरेर छोड्ने प्रतिबद्धता जनाए । उनले रात्रिकालीन समयमा चिडियाखाना अवलोकन गर्नसक्ने अवस्था हुन्छ कि हुँदैन भनेर अध्ययन गर्न महानगरले विभिन्न निकायसँग सहकार्य गर्ने जानकारी दिँदै हिजोकोभन्दा प्रभावकारी व्यवस्थापनका लागि आग्रह गरे ।

राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगका सदस्य जुद्धबहादुर गुरुङले अबको ३० वर्ष प्रश्न नउठ्ने गरी सदर चिडियाखानाको व्यवस्थापन गर्न आग्रह गरे । उनले चिडियाखानाको क्षेत्रफल कम भएको भन्दै यसलाई वृद्धि गर्नुपर्नेमा जोड दिए ।

भक्तपुरको सूर्यविनायकको प्रस्तावित चिडियाखानालाई पूर्वाधारको विकासमा ध्यान दिएर आधुनिक बनाउन सबैले सहयोग र सहकार्य गर्नुपर्ने गुरुङको भनाइ छ । उनले राष्ट्रिय प्रकृति संरक्षण कोषले नयाँ चिडियाखानाको विकास गर्न सक्ने बताउँदै सरकारले यसको जिम्मेवारी कोषलाई नै दिनुपर्नेमा ध्यानाकर्षण गराए । उनले सदर चिडियाखानाले नयाँनयाँ कार्यक्रम र परियोजना ल्याएर यसको महत्त्वलाई बढाउन आग्रह गरे ।मधेसी आयोगका सदस्य रेणु यादवले नेपालको प्रख्यात र दुर्लभ चराहरू, विभिन्न प्रजातिका सर्पहरू, वन्यजन्तुको संरक्षणका लागि सदर चिडियाखानाले अझै सुधार गर्नुपर्नेमा जोड दिइन् । पर्यटकको वृद्धि अनुसार थप पर्यटकलाई आकर्षक गर्नेगरी थप पूर्वाधार विस्तार गर्दै जानुपर्नेमा उनले जोड दिइन् ।

वन तथा वातावरण मन्त्रालयका सचिव डा दीपककुमार खरालले वन्यजन्तु संरक्षणका क्षेत्रमा मन्त्रालयबाट सकारात्मक, प्रभावकारी सहयोग र समन्वय हुने प्रतिबद्धता व्यक्त गरे ।

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागका महानिर्देशक डा रामचन्द्र कँडेलले सदर चिडियाखाना सबैले अपनत्व गर्ने संस्थाका रूपमा विकसित होस् भन्ने कामना व्यक्त गरे । उनले दुर्लभ र लोपोन्मुख वन्यजन्तु संरक्षणका लागि प्रभावकारी ढङ्गले अगाडि बढाउन आग्रह गर्दै विभागबाट सहकार्य गर्ने प्रतिबद्धता व्यक्त गरे। उनले चिडियाखानाको दायरा साँघुरो अवस्थामा रहेको बताउँदै यसलाई विकास र विस्तार गर्ने कार्यलाई ध्यान दिनुपर्नेमा जोड दिए ।

साझेदार संस्थाहरूका तर्फबाट डा घनश्याम गुरुङले नेपालको विकासका वन्यजन्तुको संरक्षण गर्दै पर्यटनको विकासका लागि काम गर्नुपर्नेमा जोड दिए ।

'फ्रेन्डस्अफ जु कमिटी'का अध्यक्ष खगेन्द्र नेपालले संरक्षण शिक्षाको पर्यायका रूपमा विद्यालयलाई समावेश गरेर लैजाने सोचअनुरुप ल्याएको अभियानमा एक लाख २० हजारभन्दा बढी विद्यार्थी समाहित भएका जानकारी गराए । यसले देशका विभिन्न क्षेत्रमा संरक्षणसम्बन्धी शिक्षा पुग्ने उनले विश्वास व्यक्त गरे ।

प्रकृति संरक्षण कोषका निर्देशक चिरञ्जीवी पोखरेलले विसं १९८९ मा तत्कालीन प्रधानमन्त्री जुद्धशम्शेर जङ्गबहादुर राणाले स्थापना गरेको सदर चिडियाखानाको व्यवस्थापन राष्ट्रिय प्रकृति संरक्षण कोषलाई ६० वर्षका लागि हस्तान्तरण गर्ने भनी विसं २०५२ पुस १४ गतेको मन्त्रिपरिषद्बाट भएको निर्णयबमोजिम कोषले चिडियाखाना व्यवस्थापन गरेको २९ वर्ष पूरा भएको जानकारी गराए ।

कोषले वन्यजन्तुको शारीरिक तथा मासिक स्वस्थताका लागि अन्राष्ट्रियस्तरको मापदण्ड तथा अभ्यासलाई अनुशरण गर्दै पोषणयुक्त दानाका लागि 'डाइट चार्ट' तयार गरी सोहीबमोजिम दाना आहारा उपलब्ध गराउने, दक्ष प्राविधिक, एम्बुलेन्स र ल्याबसहितको वन्यजन्तु अस्पताल सञ्चालन गर्ने, साथै घाइते, अस्वस्थ, समस्याग्रस्त वन्यजन्तुको उद्धार व्यवस्थापनको छुट्टै इकाइ व्यवस्था गरी सञ्चालन गर्ने र वन्यजन्तु प्रजननमार्फत स्वस्थानीय संरक्षण कार्यसमेत योगदान गरेको निर्देशक पोखरेलले जानकारी दिए । रासस

# संघीय शिक्षा ऐन चाँडै आउँछः मन्त्री भट्टराई

**मोरङ ।**
शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री विद्या भट्टराईले संघीय शिक्षा ऐन चाँडै ल्याइने बताएकी छन् ।

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा आइतबार मोरङमा आयोजित 'सङ्घीय संरचनामा शिक्षा व्यवस्थापन' विषयक छलफल एवं सुझाव संकलन कार्यक्रममा मन्त्री भट्टराईले संघीय शिक्षा ऐन संसदीय समितिमा छलफल प्रक्रियामा समेत अघि बढीसकेकाले चाँडै आउने र कार्यान्वयनमा आउने बताईन् ।

मन्त्री भट्टराईले शिक्षा क्षेत्र समस्याग्रस्त भएकाले यसको सुधारका लागि कानून निर्माण आवश्यक रहेको बताईन् । उनले सरकार कानुन निर्माणका साथै व्यवहारिक पक्षलाई पनि बलियो बनाउने पक्षमा रहेको धारणा राखिन् । सहकार्य, समन्वय र सहअस्तित्वमा काम गर्न सके शिक्षामा सुधार गर्न सकिने उनको भनाइ थियो ।

कोशी प्रदेशका मुख्यमन्त्री हिक्मतकुमार कार्कीले शिक्षा देश विकासको पहिलो आधार भएकाले यसको विकासका लागि तीन तहका सरकारले समन्वय गरी कार्य गर्नुपर्नेमा जोड दिए । उनले संघीय शिक्षा ऐन चाँडै आउनुपर्ने भन्दै संघले कानुन छिटोछरितो ढंगले नबनाउँदा शिक्षा क्षेत्र अघि बढ्न नसकेको गुनासो व्यक्त गरे ।

अहिलेको सामुदायिक शिक्षाको अवस्था कमजोर रहेको उल्लेख गर्दै मुख्यमन्त्री कार्कीले यसको व्यवस्थापन र सुधार गर्न गम्भीर भएर काम गर्नुपर्नेमा जोड दिए । उनले विद्यालय एकापसमा गाभेर जानुपर्ने आवश्यकतामा जोड दिँदै दुईभन्दा बढी सामुदायिक विद्यालय गाभेमा सवारी साधन र भौतिक पूर्वाधार निर्माणमा सरकारले सहयोग गर्ने जानकारी दिए ।

प्रदेशका सामाजिक विकासमन्त्री पाँचकर्ण राईले विद्यालयबाहिर रहेका बालबालिकालाई विद्यालयमा आकर्षित गर्न बालमैत्री र प्रविधिमैत्री विद्यालय बनाउनुपर्ने सुझाव दिए ।

शिक्षा सचिव डा.दीपक काफ्ले र प्रदेशका प्रमुख सचिव केदारनाथ शर्माले शिक्षाको विकासका लागि तीन तहको सरकारबीच समन्वय आवश्यक रहेको बताए । रासस

# भ्रष्टाचार निवारण ऐनको प्रभावकारी कार्यान्वयन गर्नुपर्नेः सांसदहरु

**काठमाडौँ ।**
प्रतिनिधिसभाका सांसदहरुले 'भ्रष्टाचार निवारण ऐन, २०५९' को प्रभावकारी कार्यान्वयनमा जोड दिएका छन् ।

ट्रासपरेन्सी इन्टरनेशन (टीआई) नेपालले आइतबार आयोजना गरेको 'महिलाका सामाजिक तथा आर्थिक अधिकारमा भ्रष्टाचारको नकारात्मक प्रभाव' विषयक अन्तरक्रियामा सांसदहरुले भ्रष्टाचारको सम्बन्धमा सर्वसाधारणको सुख शान्ति र आर्थिक हितका लागि ऐनको प्रभावकारी कार्यान्वयन जरुरी रहेको बताएका छन् ।

सांसद रोशना कार्कीले सबै क्षेत्रबाट भ्रष्टाचार हटाउन ऐनको कार्यान्वयनमा सबै लाग्नुपर्ने बताइन् । अहिलेको निर्वाचन प्रणाली अत्यन्त महङ्गो भएकाले पनि भ्रष्टाचारलाई प्रशय पुगेको हो कि भन्ने उनको धारणा थियो ।

सांसद लक्ष्मी तिवारीले मुलुकमा व्यवस्था परिवर्तन भए पनि सामाजिक सोचमा खासै परिवर्तन नभएको उल्लेख गर्दै तुलनात्मक रुपमा महिलाले अवसर र जिम्मेवारी पाएमा भ्रष्टाचार न्यूनीकरणमा सहयोग पुग्ने भनाइ राखिन् ।

सांसद शान्ति श्रेष्ठले महिलालाई हरेक क्षेत्रको नेतृत्वमा सुनिश्चित सहभागी गराई सुशासन स्थापित गराउन राज्यले विशेष नीति अवलम्बन गर्नुपर्ने बताइन्।

भ्रष्टाचारका कारणले गर्दा विभिन्न वर्गका महिलालाई पर्ने असर कम गराई समग्र महिलाको आर्थिक र सामाजिक अधिकार सुनिश्चित गरिनुपर्नेमा उनको जोड थियो ।

राष्ट्रिय महिला आयोगका अध्यक्ष कमला पराजुलीले संसदमा दर्ता भएको भ्रष्टाचार निवारण (पहिलो संशोधन) विधेयक २०७६ र अख्तियार दुरुपयोग अनुसन्धान आयोग (तेस्रो संशोधन), २०७६ लाई प्रभावकारी बनाउने गरी शीघ्र पारित गरि प्रभावकारी कार्यान्वयन गर्नुपर्ने धारणा राखिन् ।

अधिवक्ता अजिता अर्यालले राजस्व चुहावट तथा निवारण ऐन २०५२, विशेष अदालत ऐन २०५९, सम्पत्ति शुद्धीकरण निवारण ऐन २०६४ र निजामती सेवा ऐन २०७४ लगायत भ्रष्टाचारसँग सम्बन्धित सबै ऐन÷कानूनको प्रभावकारी कार्यान्वयन र समय सापेक्ष आवश्यक सुधार गर्नेतर्फ थप छलफल चलाउनुपर्ने आवश्यकता औँल्याएका छन् । रासस

# काठमाडौँ महानगरपालिकाको बजेट संशोधन प्रस्ताव



**काठमाडौँ ।**
चालु आर्थिक वर्ष २०८१÷८२ को अर्धवार्षिक समीक्षा अगावै काठमाडौं महानगरपालिकाले बजेट संशोधन प्रक्रिया सुरु गरेको छ । काठमाडौं महानगरपालिका नगरसभाको १६ औँ अधिवेशनमा उपप्रमुख सुनिता डंगोलले चालु आर्थिक वर्षको बजेटको कार्यक्रम तथा बजेटको संशोधन प्रस्ताव पेस गरेकी हुन् ।

'महानगरपालिकाको वार्षिक खरिद योजना र चौमासिक प्रगति विवरणअनुसार चालु आर्थिक वर्षको स्वीकृत नीति तथा कार्यक्रम अनुसार लक्ष्य हासिल गर्न केही कार्यक्रमहरु हेरफेर गर्न जरुरी देखिएको छ,' उपप्रमुख डंगोलले भनिन्, 'विनियोजित बजेटमा कुनै योजना सञ्चालन गर्न नसकिने, कतिपय आर्थिक कार्यविधिअनुसार समय लाग्ने,कतिपय बहुवर्षिय योजनाअन्तर्गत सञ्चालन गर्नुपर्ने भएकाले विनियोजित रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिएका र केही अत्यावश्यक योजना तथा कार्यक्रमका लागि बजेट विनियोजन गर्नुपर्ने देखिएकाले यो संशोधन प्रस्ताव पेश गर्नुपरेको हो ।'

संशोधन बजेट प्रस्ताव गर्दा विषय विज्ञ, महानगरपालिकाका विषयगत समिति एवं अन्य विभिन्न समितिहरूमा छलफल तथा विश्लेषण गरी बजेट तथा कार्यक्रम तर्जुमा समिति र कार्यपालिका बैठकबाट सर्वसम्मत रुपमा पास गरी नगरसभामा पेस गरिएको उपप्रमुख डंगोलले बताइन् । आर्थिक वर्षका लागि विनियोजित कूल बजेट रकम, चालुगत तथा पुँजीगत खर्च रकममा कुनै थपघट नगरी क्रियाकलापमा मात्र संशोधनको प्रस्ताव पेस गरेको नगरसभामा उनले स्पष्ट पारिन् ।

संशोधित प्रस्ताव अनुसार आर्थिक विकासको क्षेत्रमा बजेट घटाएर ७२ करोड ४३ लाख ७१ हजार रुपैयाँ बजेट कायम गर्न लागिएको छ । सो क्षेत्रमा यस अघि ७२ करोड ९९ लाख ७१ हजार रुपैयाँ विनियोजन भएको थियो ।

कार्यालय सञ्चालन तथा प्रशासनीक क्षेत्रमा तीन अर्ब ७० करोड ५३ लाख ८ हजार विनियोजन भएकोमा त्यसलाई बढाएर तीन अर्ब ७२ करोड ६८ लाख ४२ हजार कायम गर्ने प्रस्ताव गरिएको छ ।

'महानगरपालिकाको वार्षिक खरिद योजना र चौमासिक प्रगति विवरणअनुसार चालु आर्थिक वर्षको स्वीकृत नीति तथा कार्यक्रम अनुसार लक्ष्य हासिल गर्न केही कार्यक्रमहरु हेरफेर गर्न जरुरी देखिएको छ,' उपप्रमुख डंगोलले भनिन्, 'विनियोजित बजेटमा कुनै योजना सञ्चालन गर्न नसकिने, कतिपय आर्थिक कार्यविधिअनुसार समय लाग्ने, कतिपय बहुवर्षिय योजनाअन्तर्गत सञ्चालन गर्नुपर्ने भएकाले विनियोजित रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिएका र केही अत्यावश्यक योजना तथा कार्यक्रमका लागि बजेट विनियोजन गर्नुपर्ने देखिएकाले यो संशोधन प्रस्ताव पेश गर्नुपरेको हो ।'

संशोधन बजेट प्रस्ताव गर्दा विषय विज्ञ, महानगरपालिकाका विषयगत समिति एवं अन्य विभिन्न समितिहरूमा छलफल तथा विश्लेषण गरी बजेट तथा कार्यक्रम तर्जुमा समिति र कार्यपालिका बैठकबाट सर्वसम्मत रुपमा पास गरी नगरसभामा पेस गरिएको उपप्रमुख डंगोलले बताइन् । आर्थिक वर्षका लागि विनियोजित कूल बजेट रकम, चालुगत तथा पुँजीगत खर्च रकममा कुनै थपघट नगरी क्रियाकलापमा मात्र संशोधनको प्रस्ताव पेस गरेको नगरसभामा उनले स्पष्ट पारिन् ।

संशोधित प्रस्ताव अनुसार आर्थिक विकासको क्षेत्रमा बजेट घटाएर ७२ करोड ४३ लाख ७१ हजार रुपैयाँ बजेट कायम गर्न लागिएको छ । सो क्षेत्रमा यस अघि ७२ करोड ९९ लाख ७१ हजार रुपैयाँ विनियोजन भएको थियो ।

कार्यालय सञ्चालन तथा प्रशासनीक क्षेत्रमा तीन अर्ब ७० करोड ५३ लाख ८ हजार विनियोजन भएकोमा त्यसलाई बढाएर तीन अर्ब ७२ करोड ६८ लाख ४२ हजार रुपैयाँ कायम गर्ने प्रस्ताव गरिएको छ ।

त्यस्तै, पूर्वाधार विकासको क्षेत्रमा १२ अर्ब एक करोड ९३ लाख ९१ हजार पाँच सय रुपैयाँ बराबर वार्षिक विनियोजन रहेकोमा त्यसलाई घटाएर ११ अर्ब ८७ करोड ५१ लाख ३८ हजार ५ सय रुपैयाँ कायम गर्ने प्रस्ताव गरिएको छ ।

सामाजिक विकासका क्षेत्रमा यसअघि पाँच अर्ब ४८ करोड ८६ लाख ६९ हजार पाँच सय रुपैयाँ विनियोजन भएकोमा त्यसलाई घटाएर पाँच अर्ब ३५ करोड ३३ लाख ८८ हजार ५ सय रुपैयाँ कायम गर्ने प्रस्ताव गरिएको छ ।

त्यसैगरी, सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रमा चालु आर्थिक वर्षका लागि दुई अर्ब २२ करोड ६५ लाख ८५ हजार रुपैयाँ बराबर बजेट कायम गर्ने प्रस्ताव महानगरले गरेको छ ।

उक्त क्षेत्रमा यस अघि दुई अर्ब ९६ करोड २९ लाख ८५ हजार रुपैयाँ विनियोजन भएको थियो । महानगरपालिकाले चालु आर्थिक वर्षका लागि विनियोजन गरेको बजेट खर्च कार्यान्वयनमा भने कमजोर देखिएको छ । चालु आर्थिक वर्षका लागि महानगरपालिकाले २५ अर्ब ७० करोड ६३ लाख २५ हजार रुपैयाँ बराबरको बजेट ल्याएकोमा पुस ११ गतेसम्म चार अर्ब एक करोड चार लाख ५६ हजार रुपैयाँ बराबर खर्च भएको उपप्रमुख डंगोलले नगरसभालाई जानकारी गराइन् । हालसम्मको बजेट खर्च कूल विनियोजनको १६ दशमलव १० प्रतिशत हो ।

महानगरपालिकाले हालसम्म चालु शीर्षकमा २३ दशमलव ५८ प्रतिशत र पुँजीगत खर्च १० दशमलव ९२ प्रतिशत खर्च भएको छ ।

'हालसम्म पूर्वाधार विकासमा १२ दशमलव १३ प्रतिशत, आर्थिक विकासमा २४ दशमलव १८ प्रतिशत, सामाजिक विकासमा १२ दशमलव २३ प्रतिशत खर्च भएको छ,' उपप्रमुख डंगोलले भनिन्, 'त्यसैगरी सुशासन तथा अन्तरसम्बन्धित क्षेत्रतर्फ सात दशमलव ९२ प्रतिशत खर्च भएको देखिएको छ । कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा भने सबैभन्दा वढी ३६ दशमलव ५४ प्रतिशत खर्च भएको देखिन्छ ।'

महानगरपालिकाले चालु आर्थिक वर्षमा १२ अर्ब ९० करोड ६३ लाख २५ हजार रुपैयाँ बराबर राजस्व उठाउने लक्ष्य राखेको थियो । यही पुस ११ गतेसम्म कुल चार अर्ब नौ करोड ८९ लाख ३६ हजार रुपैयाँ बराबर राजस्व प्राप्त भएको महानगरपालिकाले जनाएको छ । जसमा आन्तरिक राजस्वतर्फ कुल दुई अर्ब ६१ करोड ५५ लाख ४३ हजार रुपैयाँ संकलन भएको छ भने राजस्व बाँडफाँडबाट ५९ करोड ८९ लाख ४१ हजार रुपैयाँ र संघ तथा प्रदेश सरकारबाट प्राप्त सशर्त अनुदान ८८ करोड ४४ लाख ५१ हजार रुपैयाँ रहेको छ । हालसम्मको कुल राजश्व संकलन वार्षिक लक्ष्यको ३१ दशमलव ०७ प्रतिशत हुन आउँछ भने आन्तरिकतर्फ कुल लक्ष्यको ३२ दशमलव ५५ प्रतिशत प्रगति भएको देखिन्छ ।

स्थानीय तह संस्थागत क्षमता स्वमूल्यांकनको प्रारम्भिक नतिजामा काठमाडौं महानगरपालिकाले ८२ दशमलव ७५ अङ्क प्राप्त गरेको पनि उपप्रमुख डंगोलले बताइन् । यो अंक काठमाडौं महानगरपालिकाले पाएको हालसम्मकै उच्च अंक हो । रासस

# जलवायु परिवर्तनको असरले श्रमिक समस्यामा



**काठमाडौं ।**
पछिल्लो समय बढ्दै गइरहेको जलवायु परिवर्तनको असरले श्रम क्षेत्रमा पनि समस्या बढाएको सरोकार भएकाहरूले बताएका छन् । आइतबार क्लास नेपालले काठमाडौंमा आयोजना गरेको 'श्रमिकमा जलवायु परिवर्तनको प्रभावमा बहुपक्षीय संवाद'मा सहभागीले जलवायु परिवर्तनले देखिएका श्रम समस्या समाधानका बहस आवश्यक रहेको बताएका छन् ।

वन तथा वातावरण मन्त्रालयका सहसचिवसमेत रहेका रेड कार्यान्वयन केन्द्रका प्रमुख नवराज पुडासैनीले जलवायुजन्य जोखिमबाट श्रमिकलाई बढी समस्या उत्पन्न हुने भएकाले यसको समाधान तत्काल गर्नुपर्ने बताए । 'कुनै विपद् आयो भने सबैभन्दा बढी श्रमिकलाई असर गर्छ, जलवायु परिवर्तनले हिमालको हिउँ पग्लँदै छ । पर्यटन व्यवसाय धरापमा परी त्यहाँ काम गर्ने श्रमिकको रोजिरोटी खोसिन सक्छ, 'उनले भने, 'कृषिमा पनि त्यस्तै असर परिरहेको छ । कृषि उत्पादन कम हुँदा कृषिमा काम गर्ने श्रमिकलाई असर गर्छ ।'

पुडासैनीले जलवायु परिवर्तनको असरले तापक्रममा वृद्धि भई बाहिरी वातावरणमा काम गर्न नसक्ने अवस्था सिर्जना हुनसक्ने भन्दै दैनिक ज्वाला गरेर गुजारा टार्ने श्रमिक मारमा पर्ने बताए । 'जलवायुजन्य जोखिम दिनानुदिन बढिरहेको छ, श्रमिकहरूले काम गर्दा सुरक्षाको नयाँ उपायहरू अपनाउन आवश्यक छ, 'उनले भने, 'निर्माणाधीन नयाँ पूर्वाधारहरू जलवायुमैत्री हुन आवश्यक छ ।'

श्रम, रोजगार, तथा सामाजिक सुरक्षा मन्त्रालयका सहसचिव प्रदीप कोइरालाले बढ्दो जलवायु परिवर्तनको जोखिमबाट अनुकूलित हुन श्रमिकको स्वास्थ्य र सुरक्षामा ख्याल गर्दै नीति तथा कार्यक्रम तय गर्नुपर्नेमा जोड दिए। 'जलवायु अनुकूलनलाई प्राथमिकता दिँदै काम गर्ने उचित समय पनि हेरिनुपर्छ, दिउँसो बढी गर्मी भएमा बिहानको समयमा श्रमिकलाई काममा लगाउन सकिन्छ, 'उनले भने, 'जलवायुजन्य जोखिमले श्रम क्षेत्रमा देखा पारेको असर न्यूनीकरणमा सबैले समन्वय गर्नु आवश्यक छ ।'

नेपाल ट्रेड युनियन कांग्रेसका अध्यक्ष योगेन्द्रकुमार कुँवरले जलवायु परिवर्तनको मुख्य असर महिला श्रमिकलाई परेको भन्दै असर न्यूनीकरणसम्बन्धी नीतिको प्रभावकारी कार्यान्वयन हुनुपर्नेमा जोड दिए ।

वातावरण अभियन्ता सिलसिला आचार्यले जलवायुजन्य असरले श्रम समस्या निम्त्याइरहेको भन्दै समाधानका लागि राज्यले लगानी बढाउनुपर्नेमा जोड दिए । 'बाढीपहिरोजस्ता प्राकृतिक विपद्बाट सबैभन्दा बढी महिलालाई असर गरिरहेको छ, विपद्मा सबैभन्दा बढी विपन्न र त्यसमा पनि महिला श्रमिक पीडित छन्, 'उनले भने, 'यस्ता विपद्मा मजदुर गर्ने श्रमिकले रोजगार नपाउँदा दैनिक गुजारा गर्न सकस हुन्छ ।' रासस

# वैकल्पिक वित्तीय स्रोत जुटाउन विधेयक ल्याउँदै सरकार

**काठमाडौँ ।**
उपप्रधानमन्त्री एवं अर्थमन्त्री विष्णुप्रसाद पौडेलले विकासको उच्च आकांक्षालाई सम्बोधन गर्न सरकारले वैकल्पिक विकास वित्तको तयारी गरेको बताएका छन् । नयाँ र वैकल्पिक वित्तीय स्रोत खोज्नका लागि नीतिगत व्यवस्था गर्न सरकारले विधेयक ल्याउने तयारी गरिरहेको पनि उनले बताए ।

'राजस्व, वैदेशिक सहयोग र ऋणमा आधारित परम्परागत स्रोतले मात्र वित्त व्यवस्थापन र विकासको तीव्र आकांक्षा तथा चाहनालाई सम्बोधन गर्न चुनौतीपूर्ण छ', अर्थमन्त्री पौडेलले भने, 'त्यसैले दीर्घकालीन विकासको आवश्यकतालाई सम्बोधन गर्नेगरी वैकल्पिक विकास वित्तका निम्ति सार्थक र प्रभावकारी कदम चाल्न वैकल्पिक विकास वित्त व्यवस्थापनसम्बन्धी विधेयकको मस्यौदा तयारी गरेका छौँ र यसलाई छिट्टै कानुनी प्रक्रियामा प्रवेश गराउँदैछौँ ।'




अर्थ मन्त्रालयको आन्तरिक छलफलका क्रममा अर्थमन्त्री पौडेलले नेपालको तीव्र विकासका लागि नयाँ सोच र दृष्टिकोणका साथ अघि बढ्न आवश्यक रहेको र वैकल्पिक विकास वित्तबाट थप स्रोत जुटाउन तथा लगानी गर्न महत्वपूर्ण सहयोग पुग्ने बताए । 'आर्थिक समृद्धिका लागि पूर्वाधारमा मात्र नभएर दक्ष जनशक्तिको विकास र सफ्टपावरमा पनि ठूलो लगानी गर्न जरुरी छ', अर्थमन्त्री पौडेलले भने, 'वैकल्पिक वित्तले सार्वजनिक विकासका धेरै क्षेत्रमा सिर्जनशील र नयाँनयाँ दृष्टिकोणका लागि ढोका खोल्नेछ ।'

अर्थमन्त्री पौडेलले नेपालमा भएका विकासका धेरै कामप्रति अपनत्व लिँदै अघि बढ्न, थप स्रोत व्यवस्थापन तथा त्यसको परिचालनका लागि स्पष्ट योजनाका साथ खुला हृदयले अघि बढ्नुपर्नेसमेत धारणा राखे । 'विकास र आर्थिक समृद्धिका लागि राजनीतिक दल, निजी क्षेत्र र सरोकारवालाहरूले पनि विगतको आ–आफ्नो भूमिकालाई नयाँ ढङ्गले अघि बढाउनुपर्छ। सरकार पनि त्यसका लागि तयार छ', उनले भने ।

अर्थ मन्त्रालयका प्रवक्ता महेश भट्टराईका अनुसार वैकल्पिक विकास वित्तले पूर्वाधार क्षेत्रको प्राथमिकीकरण, पूर्वाधार लगानीका लागि स्वदेशी तथा विदेशी स्रोत लगानीको व्यवस्था, विभिन्न वित्तीय उपकरणको सही प्रयोग लगायतमा सहयोग गर्छ । यसैगरी सार्वजनिक निजी साझेदारी, पूर्वाधार बोन्ड, पूर्वाधार कोषलगायतले निजी क्षेत्र पनि अघि बढ्ने अझ फराकिलो अवसर सिर्जना गर्ने जनाइएको छ ।

नेपालको दीर्घकालीन आर्थिक र सामाजिक विकासको प्रमुख आधार भनेको पूर्वाधार तथा उत्पादनशील क्षेत्रको विकास तथा प्रवद्र्धन भएको उनको भनाइ थियो । 'नेपालमा ऊर्जा, यातायात, स्वास्थ्य, शिक्षा, जलस्रोत, उत्पादनशील उद्योग र कृषियोग्य भूमिको उपयोगलगायत क्षेत्रमा ठूला परियोजना आवश्यक छन्, जुन राष्ट्रिय विकासका लागि अत्यन्त महत्त्वपूर्ण छन् । पारम्परिक सरकारी बजेट र वित्तीय स्रोतहरू यी ठूला र दीर्घकालीन परियोजनाहरूका लागि पर्याप्त नहुन सक्छन्', उनले भने, 'यस सन्दर्भमा वैकल्पिक वित्तीय स्रोतहरूको प्रयोग गरेर नेपालका महत्वपूर्ण पूर्वाधार तथा उत्पादनशील परियोजनाहरूलाई गति दिन आवश्यक देखिएको छ ।'

वैकल्पिक वित्तीय स्रोतअन्तर्गत विभिन्न प्रकारका लगानी संरचनाहरू जस्तै भेञ्चर क्यापिटल, म्युचुअल फन्ड, परियोजना विशेष ऋणपत्र, रेमिट कोष, पूर्वाधार कोष, परियोजना इन्कुबेशन कोष तथा अन्य वित्तीय साधन प्रयोग हुनेछन् । त्यसैगरी यसका लागि सरकारी योगदानका अतिरिक्त अन्तर्राष्ट्रिय बहुपक्षीय तथा द्विपक्षीय संस्थाहरूको लगानी, निजी क्षेत्रको लगानी, आप्रवासी नेपालीहरूको लगानी,संस्थागत लगानी, ग्रिन बन्ड, जलवायु कोषलगायतबाट स्रोत व्यवस्थापन गरिने जनाइएको छ । रासस

# आर्थिक विकास लगानी बढाउने प्रतिबद्धता

**काठमाडौँ ।**
विश्वका विभिन्न देशमा रहेर हासिल गरेको ज्ञान र पुँजीलाई नेपालको आर्थिक विकासमा लगाउने नेपाली डायस्पोराको प्रतिबद्धता रहेको छ ।

युनाइटेड नेपाली डायस्फोरा (अन्डो) द्वारा काठमाडौँमा आयोजित दुई दिने अन्तर्राष्ट्रिय सम्मेलनका अवसरमा सहभागी विभिन्न देशबाट आएका प्रतिनिधिहरुले समानता, सहकार्य र समावेशीताका सिद्धान्तहरुमा आधारित रहेर विश्वव्यापी डायस्फोरालाई एकजुट गर्दै नेपाल र नेपालीहरुको हितका लागि काम गर्ने जनाएका छन् ।

वरिष्ठ समाजसेवी र सिएनएन हिरो अनुराधा कोइरालाले विश्वका विभिन्न देशमा रहेर हासिल गरेको पुँजी र ज्ञानलाई मातृभूमिको विकासमा लगाउन आग्रह गर्दै भावी सन्ततिहरुलाई पनि नेपालप्रतिको आस्था अभिवृद्धि गराउन नेपाली डायस्पोरासँग आग्रह गरे ।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) का पूर्वअध्यक्ष शेष घलेले मातृभूमिको माया र दायित्वलाई आत्मसात गर्दै आफूले विभिन्न परियोजनाहरुमा लगानी र सहयोग गर्दै आएको उल्लेख गर्दै सरकारले पनि नेपाली डायस्पोरालाई लगानीमैत्री वातावरण मिलाउनुपर्दछ भने । अन्डोका अध्यक्ष सोनाम लामाले नेपाल र नेपाली डायस्पोरालाई एकताबद्ध गरी मातृभूमिको दिगो भविष्य निर्माणमा योगदान पुऱ्याउने उद्देश्यले स्थापना गरिएको यस संस्थामार्फत जलवायु परिवर्तन र प्रतिभा पलायन जस्ता गम्भीर समस्याहरु एवं युवा पुस्तालाई नेपालको प्रगतिमा परिचालन गर्न विभिन्न रचनात्मक कामहरु भइरहेको जानकारी दिए ।

सम्मेलनको पहिलो प्राविधिक सत्र जलवायु परिवर्तन र बसाइँसराइ विषयमा वरिष्ठ पत्रकार कुन्द दीक्षित, आप्रवासन विशेषज्ञ डा गणेश गुरुङ, इसिमोडकी डा अमिना महर्जन र वन तथा वातावरण मन्त्रालयका नरेश शर्माले जलवायु परिवर्तन र बसाइँसराइबीचको सम्बन्ध र यसले पारेको नकारात्मक प्रभावका बारेमा प्रकाश पारेको थियो ।

दोस्रो सत्रमा नवीनतम् पूर्वाधार र डायस्पोरा विषयमा नेपाल विद्युत् प्राधिकरणका प्रबन्ध निर्देशक कुलमान घिसिङ, भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सहसचिव सुशीलबाबु ढकाल, सार्वजनिक यातायात प्राधिकरणका प्रमुख कार्यकारी अधिकृत कुबेर नेपाली र ऊर्जाविद् कुशल गुरुङले नेपालको पूर्वाधार तथा यातायात क्षेत्रमा डायस्पोराले गर्नसक्ने सहयोगका बारेमा प्रस्तुतीकरण दिएको थियो ।

यस्तै तेस्रो प्राविधिक सत्रमा नीति र साझेदारी विषयमा नेपला पर्यटन बोर्डका प्रमुख कार्यकारी अधिकृत दीपकराज जोशी, सुदूरपश्चिम प्रदेशका मुख्यमन्त्रीका राजनीतिक सल्लाहकार डा जीतेन्द्र उपाध्याय र नीति अुसन्धान प्रतिष्ठानकी डा इन्द्र अधिकारीले विद्यमान नीतिमा रहेका कमीकमजोरीका कारण डायस्पोरासँगको साझेदारीमा देखिएको समस्याका बारेमा धारणा राखेको थियो ।

नेपालको दिगो विकासका लागि डायस्फोराको संलग्नता भन्ने नाराका साथ दुई दिनसम्म जारी रहने सो सम्मेलनमा विश्वका विभिन्न देशबाट आएका करिब ७० जना प्रतिनिधिको सहभागिता रहेको छ । नेपालको यातायात क्षेत्रमा अनुसन्धानमा सहयोग गर्ने उद्देश्यका साथ एमआइटी ग्रुप फाउण्डेशन र नेपाल सरकारबीच पाँच वर्षे समझदारीपत्रमा हस्ताक्षर भएको थियो । सम्मेलनसँगै आयोजित वार्षिक साधारणसभाबाट संस्थाको नयाँ नेतृत्वको पनि चयन हुनेछ । रासस

# सहकारीसम्बन्धी अध्यादेश जारी

**काठमाडौँ ।**
राष्ट्रपति रामचन्द्र पौडेलले सहकारीसम्बन्धी अध्यादेश जारी गरेका छन् । मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपति रामचन्द्र पौडेलले सहकारीसम्बन्धी केही नेपाल ऐनलाई संशोधन गर्ने अध्यादेश आइतबार जारी गरेका हुन् । गत मंगलबार बसेको मन्त्रिपरिषद् बैठकले उक्त अध्यादेश पारित गरेको थियो ।

अध्यादेशले सहकारी संस्थाहरूको नियमनका लागि 'सहकारी नियमन आयोग' गठन गर्ने प्रस्ताव गरेको छ । पाँच सदस्यीय आयोगमा एकजना अध्यक्षका अतिरिक्त, एकजना विज्ञ, एक चार्टर्ड एकाउन्टेन्ट, सहकारी मन्त्रालयको सहसचिव सदस्य रहने उल्लेख गरिएको छ । त्यस्तै, सहकारी विभागका उपरजिस्ट्रार सदस्यसचिव हुने प्रस्ताव पनि गरिएको छ । रासस

# जल, जमिन र आकाश लक्षित महोत्सवले गुलजार पोखरा





**पोखरा ।**

अङ्ग्रेजी नयाँ वर्षको आगमनसँगै पोखरा गुलजार बनेको छ । जल, जमिन र आकाश लक्षित महोत्सवले स्वदेशी र विदेशी पर्यटक आकर्षित मात्रै गरेको छैन, यहाँको पर्यटकीय गतिविधि चलायनमान बनाएको छ । हाल यहाँ २६औँ संस्करणको सडक महोत्सव, बिवाइडी अन्तर्राष्ट्रिय बेलुन महोत्सव र दोस्रो अन्तर्राष्ट्रिय ड्रागन बोट रेस चलिरहेका छन् । क्रिसमस सकिएर नयाँ वर्षको रौनक सुरु भइसकेको पर्यटन राजधानी पोखरामा महोत्सवले थप गतिविधि बढाएका छन् । महोत्सवले पोखरालाई पर्यटकीय गन्तव्यका रूपमा विश्वसामु चिनाउन थप भूमिका खेल्ने विश्वास गरिएको छ । रेस्टुरेन्ट एन्ड बार एशोसिएशन (रेवान) पोखराले सन् १९९८ मा सुरु गरेको पोखरा सडक महोत्सव अहिले पोखराको ब्राण्डनै बनेको छ 'सडकमै खाऔँ, सडकमै नाचौँ, सडकमै रमाऔँ' भन्ने नारालाई जीवन्त बनाउँदै महोत्सवले हजारौँ पर्यटकलाई आकर्षित गरेको छ । लेकसाइडको तीन किलोमिटर क्षेत्र साङ्गीतिक कार्यक्रम, मौलिक झाँकी, वेषभूषा प्रदर्शनी र अन्तर्राष्ट्रिय खानाको प्रदर्शनीले भरिएको छ । महोत्सवले आन्तरिक र बाह्य पर्यटकलाई पोखराको सांस्कृतिक र प्राकृतिक सौन्दर्यसँग परिचित गराउनुका साथै स्थानीय उत्पादनको प्रवद्र्धनमा सहयोग पुर्‍याएको रेवान पोखराका अध्यक्ष विश्वराज पौडेल बताए । उनका अनुसार यो महोत्सव नेपाली पर्यटनलाई अन्तर्राष्ट्रिय मानचित्रमा स्थापित गर्ने महत्वपूर्ण माध्यम हो । महोत्सवमा कृषि उत्पादन, हस्तकला, र वनस्पतिको प्रदर्शनी विशेष आकर्षण बनेको छ । स्थानीय किसान, व्यवसायी, र कलाकारले आफ्नो उत्पादन प्रदर्शन गर्दै नयाँ बजारको पहुँच पाएका छन् । विभिन्न जातजातिका परम्परा, साङ्गीतिक झाँकी र कला प्रदर्शनी प्रस्तुत गरेर सांस्कृतिक विविधतालाई उजागर गर्दै आएको महोत्सवले स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउन महत्वपूर्ण भूमिका खेलेको संयोजक विकास भट्टराईको भनाइ छ । पहिलो पटक आयोजना गरिएको बीवाईडी अन्तर्राष्ट्रिय बेलुन महोत्सवले पोखराको पर्यटकीय महत्वलाई अझै उचाइमा पुर्‍याइएको छ । फेवातालको शिरानमा सुरु भइरहेको यो महोत्सवमा नेपालसहित १५ देशका पाइलटले सहभागिता जनाएका छन् । रङ्गिन र विभिन्न आकार र डिजाइनका १७ वटा भव्य बेलुन आकाशमा उडिरहँदा आकाश शृङ्गारिएको छ भने तालमा देखिने सुन्दर दृश्य अवर्णित छन् । पर्यटकले आकाशबाट हिमालय शङ्ख्ला, हरियाली र फेवातालको सौन्दर्यको अनुभव गर्दै पोखरालाई नयाँ दृष्टिकोणबाट नियाल्न सकेको पर्यटन परिषद्का अध्यक्ष तारानाथ पहारी बताउँछन् ।

'यो महोत्सवले पर्यटकको बसाइँ लम्ब्याउने मात्र नभइ अन्तर्राष्ट्रिय मिडियामासमेत ध्यानाकर्षण गरेको छ', पहारीले भने, 'यो महोत्सवले पोखरालाई साहसिक र मनोरञ्जनात्मक गतिविधिको आकर्षक गन्तव्यका रूपमा स्थापित गरेको छ ।' बेलुन महोत्सव, ड्रागन बोट रेस र सडक महोत्सवले पोखराको पर्यटकीय महत्वलाई नयाँ उचाइमा पुर्‍याउँदै पर्यटनमा नयाँ आयाम थपेको उनको भनाइ छ ।

बेलुन नेपाल प्रालिका अध्यक्ष विक्रम बाडेका अनुसार बेलुन महोत्सवले मनोरञ्जन मात्र होइन, साहसिक पर्यटनको नयाँ ढोका खोल्दै पोखरालाई अन्तर्राष्ट्रिय पर्यटनको केन्द्रविन्दु बनाउने प्रयास गरिरहेको छ । आइतबारदेखि फेवातालमा सुरु भएको दोस्रो अन्तर्राष्ट्रिय ड्रागन बोट रेसले पोखरामा पर्यटनमा रौनक थपेको छ । नेपाल, चीन, र सिङ्गापुरका २० टोलीबीचको यो प्रतिस्पर्धाले खेलकुद र पर्यटनलाई जोड्ने कार्य गरिरहेको छ । बेलुन नेपाल प्रालिका बीबी ढकालले नेपालको हट एयर बेलुनले अन्तर्राष्ट्रिय स्तरसम्म चर्चा पाएको उल्लेख गरे । 'महोत्सवबारे अन्तर्राष्ट्रिय अखबारले पहिलो पृष्ठमै तस्बिर प्रकाशित गरेका छन्, यसबाट नेपालको पर्यटन प्रवद्र्धनमा यसले ठूलो सहयोग पुगेको हाम्रो विश्वास छ ।' पोखरा महानगरपालिका, गण्डकी प्रदेश सरकार, नेपाल पर्यटन बोर्ड, र नेपालस्थित चिनियाँ दूतावासको सहकार्यमा आयोजित महोत्सवले फेवाताललाई अन्तर्राष्ट्रिय खेलकुद गन्तव्यका रूपमा चिनाउने विश्वास लिइएको छ ।

पोखरा महानगरका प्रमुख धनराज आचार्यले महोत्सवले साहसिक गतिविधिमा पोखराको भूमिका विस्तार गर्न यस महोत्सवले सघाउने विश्वास व्यक्त गरे । 'ड्रागन बोट रेसको रोमाञ्चकता, बेलुन महोत्सवको साहसिकता, र सडक महोत्सवको सांस्कृतिक झल्कोले पोखरालाई त्रिकोणीय महोत्सवको उत्कृष्ट उदाहरण बनाएको छ ।'

त्रिकोणीय महोत्सवले पोखराको सांस्कृतिक सम्पदा, प्राकृतिक सौन्दर्य, स्थानीय उत्पादनलाई उजागर गर्दै अर्थतन्त्र र पर्यटनमा दीर्घकालीन योगदान पुर्‍याउने सफल हुने उनको विश्वास छ । पर्यटकीय राजधानी पोखरामा अहिले भइरहेका महोत्सवले साहसिक पर्यटनको सम्भावना र नेपाली पर्यटनको उज्ज्वल भविष्यप्रति सकारात्मक सङ्केत गरेको र दीर्घकालीन पर्यटनमा पनि प्रभाव पार्ने उनको बुझाइ छ । प्रदेशसभा सदस्यसमेत रहेकी पर्यटन व्यवसायी देवका पहारीले त्रिकोणीय महोत्सव सडक महोत्सव, बेलुन महोत्सव र ड्रागन बोट रेस पोखराको पर्यटनलाई नयाँ ऊर्जा र पहिचान प्रदान गर्ने महत्वपूर्ण माध्यम बनेको बताइन् ।

'यी गतिविधिले केवल पोखराको सांस्कृतिक र प्राकृतिक सम्पदाको उजागर मात्र नगरी स्थानीय अर्थतन्त्रलाई चलायमान बनाउँदै अन्तर्राष्ट्रियस्तरमा परिचित गराउन सफल भएको छ ।' उनले पोखराको फेवाताल, हिमालय, र सांस्कृतिक विविधताले भरिएको यो अनुभवले साहसिक खेलकूद, साङ्गीतिक उत्सव, र मौलिक उत्पादनको प्रदर्शनले पोखरालाई नयाँ उचाइमा पुऱ्याएको बताइन् ।

यी महोत्सवले नेपाली पर्यटनमा थप आयाम थप्ने विश्वासका साथ, पोखरा अब सांस्कृतिक, साहसिक र मनोरञ्जनात्मक पर्यटनका लागि विश्वका शीर्ष गन्तव्यमध्ये एक बन्ने दिशामा अग्रसर देखिएको उनको भनाइ छ । रासस

# पर्यटकको आकर्षक केन्द्र बन्दै जखेरा ताल



**दाङ ।**

लमही नगरपालिका–३ मा पर्ने जखेरा ताल पछिल्लो समय आन्तरिक पर्यटकको रोजाइमा पर्न थालेको छ । तालको मनमोहक दृश्यले यहाँ पुग्न सबैलाई आकर्षित गर्दछ । चुरे पहाडको फेदमा रहेको पूर्व–पश्चिम सिमानामा वन तथा जङ्गल, दक्षिणतर्फ चिटिक्क परेको मुसुण्डी गाउँ, उत्तरतर्फ चुरे पहाड र सो पहाडको फेदको बीचमा पर्ने जखेरा ताल अवस्थित छ । यहाँको मनमोहक दृश्य, पूर्वाधार विकासलगायत कारणले आन्तरिक पर्यटकको आकर्षक गन्तव्यका रूपमा जखेरा ताल रहेको स्थानीय बताउँछन् । अहिले ताल अवलोकन, घुमघाम गर्ने, वनभोज खानेलगायत प्रयोजनका लागि दैनिक दुई सयदेखि तीन सयको संख्यामा आन्तरिक तथा बाह्य पर्यटक यहाँ आउने गरेका जखेरा तालका कर्मचारी ओमभक्त चौधरीले बताए । उनका अनुसार बिदाको दिनमा छ–सात सयसम्म पर्यटकहरू आउने गर्दछन् । लुम्बिनी प्रदेशको राजधानीबाट नजिक पर्ने सो ताल अहिले पर्यटकको आकर्षक केन्द्र बन्दै गएको हो । प्रदेश राजधानीमा आएका अन्य जिल्लाका सरकारी, सङ्घसंस्थाका प्रतिनिधिहरू समय अनुकूल परेर जखेरा अवलोकनका लागि यहाँ आउने गरेका चौधरीले बताउनुभयो । बाह्र बिघा क्षेत्रफल रहेकामा अहिले साढे सात बिघा ताल फैलिएको छ ।

तालको वरिपरि बाँकी ठाउँमा वनजङ्गल छ । तालको गहिराइ छदेखि सात फिटसम्म रहेको जनाउँदै कर्मचारी चौधरीले उत्तरतर्फ गणेशको र पूर्वमा सिद्देश्वर महादेवको मन्दिर अवस्थित रहेकाले धार्मिक पर्यटकको आकमन पनि हुने गरेको बताए । यहाँ आउने पर्यटक ढुङ्गा चढेर मन्दिर दर्शन गर्दछन् । तालको मुख्य आकर्षणमा वनभोजस्थल, फूल बगैँचा, जलविहार, प्राकृतिक पदयात्रा, चरा तथा अन्य जीवजन्तुको अवलोकनलगायत हुन् । 'तालमा ढुङ्गा चढ्नका लागि पर्यटक निकै उत्साहित हुन्छन् । सात वटामात्र डुङ्गा भएकाले सिजनमा पालो कुनुपर्दछ । केही पर्यटक ढुङ्गा चढ्न नपाएर फर्केने गर्नुहुन्छ', कर्मचारी चौधरीले भने । एक जनाले पूरै तालमा ढुङ्गा चढेर जलविहार गरेमा एक सय रुपैयाँ शुल्क लिने गरिएको जनाउँदै उनले यहाँ सात जनाले रोजगारी पाएका उल्लेख गरे ।

जखेरा तालको अवलोकन गर्न गत बुधबार तुलसीपुर उपमहानगरपालिका–६ बाट आएकी ४८ वर्षीया राधा रजौरेले पहिलो पटक तालको अवलोकन गरेको भन्दै यहाँको सुन्दर र मनमोहक दृश्यले आफूलाई आकर्षित गराएको बताइन् । उनले भनिन्, 'यति सुन्दर ताल रहेछ यसले फेवा तालको झल्को दिन्छ । यसलाई जिल्लाको प्रमुख पर्यटकीय गन्तव्यका रूपमा विकास गर्न सरोकार भएका सबै निकायबीच समन्वय गरी लाग्नुपर्छ ।'

ताललाई अझै सफा, स्वच्छ राखी थप भौतिक पूर्वाधार निर्माण गर्नसके यस क्षेत्रको पर्यटन प्रवद्र्धन हुनुका साथै स्थानीयको आयस्तर वृद्धि हुने रजौरेले बताए । यस क्षेत्रको प्रचारप्रसारमा स्थानीय निकायले सहयोग गर्नपर्ने भन्दै पूर्वाधार विकास गरी बाह्य पर्यटक आगम बढाउने योजनाअनुसार काम गर्नुपर्ने सुझाव दिए ।

घुमघाम गर्न दङ्गीशरणबाट यहाँ पुग्नुभएका ३६ वर्षीय कमल नेपालीले अहिले ताल क्षेत्रमा पहिलेको तुलनामा अहिले धेरै सुधार भएको देख्दा खुसी लागेको बताए । 'पाँच वर्ष पहिले यो ताल घुम्न आएको थिए, यहाँ धेरै समस्या थियो, अहिले पूर्वाधारका क्षेत्रमा धेरै विकास भएको रहेछ', उनले भने ।

छोराछोरीले जखेरा ताल घुम्न जाने भनेपछि छुट्टीको समयमा यहाँ आएको भन्दै नेपालीले यहाँ पुगेपछि दृश्यले आफू आनन्दित बनाएको बताए । उनले भने, 'तालको सुन्दरता बढाउन यहाँ धेरै पर्यटक भित्र्याउन स्थानीय, प्रदेश तथा सङ्घीय सरकारले भौतिक पूर्वाधारका क्षेत्रमा थप लगानी गर्नुपर्दछ ।' विगतका वर्षमा नागरिकहरूको श्रमदान र राज्यका निकायले गरेको सहयोगले अहिले यो ताल जिल्लाको मुख्य पर्यटकीय केन्द्रका रूपमा परिचित हुँदै गएको जखेरा शिवालय धार्मिक पर्यटन विकास संरक्षण प्रतिष्ठानका अध्यक्ष रामप्रसाद उपाध्यायले बताए ।

'ताल जलकुम्भी झार र माटोले पुरिएको थियो । तत्कालीन जिल्ला भू–संरक्षण कार्यालय दाङ, कृषि विकास कार्यालय, संरक्षण समिति, लमही नगरपालिका, राष्ट्रिपति चुरेसंरक्षण कार्यक्रम, डिभिजन वन कार्यालय, लुम्बिनी प्रदेश सरकार तथा यहाँका नागरिकहरूको सहयोग तथा संरक्षणले यो अवस्थामा आउन सफल भएका हौँ', उपाध्यायले भने ।

अध्यक्ष उपाध्यायका अनुसार गत वर्ष सहरी विकास मन्त्रालयअन्तर्गत सघन सहरी तथा भवन निर्माण कार्यालय दाङले चार करोड रकम उपलब्ध गराएको र उक्त रकमबाट तालको संरक्षण, मर्मत सम्भार, सुरक्षाका लागि तालको छेउछेउमा जाली, पक्की नालालगायत पूर्वाधार विकास निर्माण गरिएको हो ।

यस तालको आफ्नै ऐतिहासिक पृष्ठभूमि रहेको छ । स्थानीय थारू भाषामा जुन ठाउँमा आकाशे पानी सङ्कलन भएर जम्मा हुन्छ, त्यस ठाउँलाई 'जखेरा' भनिन्छ । विसं २०३० मा साविकको सोनपुर गाउँ विकास समिति हालको लमही नगरपालिका–३ निवासी स्व दीपु चौधरीको नेतृत्वमा सोनपुर, टिकुलीगढ, फल्कापुर, श्री गाउँका स्थानीय बुद्धिजीवी मिलेर खेर गइराहेको आकाशे पानी तथा वन क्षेत्रबाट बगिरहेको पानी सङ्कलन गरी सिँचाइ गर्ने उद्देश्यले चुरे पहाडको फेदीमा कृत्रिम खाडल खनी मानवनिर्मित जलभण्डारणका रूपमा राखिएको थियो । सोही ताल अहिले जखेरा तालका नाममा परिचित भएको हो ।

दाङको लमही बजारबाट छ किलोमिटर पूर्वमा रहेको सुनडबरी गाउँ हुँदै उत्तरतर्फ करिब दुई किमी दूरी यात्रा गरेपछि ताल भएको स्थानमा पुगिन्छ । पूर्वपश्चिम राजमार्गबाट नजिक रहेकाले पनि भारत तथा तेस्रो मुलुकबाट ताल हेर्न पर्यटक आउने गर्दछन् । रासस

# राजनीतिक स्थायित्वका निम्ति कांग्रेस र एमालेको गठबन्धन सरकारः कोइराला




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका नेता डा. शेखर कोइरालाले राजनीतिक स्थायित्वका निम्ति नेपाली काँग्रेस र नेकपा एमालेको गठबन्धन सरकार बनेको बताएका छन् । आइतबार बिहान जनकपुरमा सञ्चारकर्मीहरुसँग कुरा गर्दै नेता कोइरालाले पटक पटक सरकार बदलिँदा विकासका काममा बाधा परेकाले अहिलेको सरकार विकासलाई गति दिनका लगि बनेको बताए । नेता कोइरालाले सुशासन स्थापित गर्न, भ्रष्टाचार नियन्त्रण गर्नका लागि अहिलेको सरकार बनेको बताए । नेता कोइरालाले संविधानमा केही सुधारहरु गर्नका लागि पनि अहिलेको सरकार बनेको र एक हप्ता यता काँग्रेस र एमालेबीच सक्रियतापूर्वक काम भइरहेको बताए । उनले संविधान संशोधन गर्दा सबै राजनीतिक दलहरुसँग समन्वय गरेर संशोधन गरिने बताए । नेता कोइरालाले यो सरकारलाई असफल हुने छुट नरहेको बताए । अहिलेको सरकार असफल भए देश अराजकतातिर जाने बताए । देश अराजकतातिर जान नदिन सबै गम्भीर रहेको बताए ।

# सीमा क्षेत्रमा आपराधिक गतिविधि नियन्त्रणमा सहमति

**सञ्जय मिश्रा**
**रौतहट ।**
नेपाल र भारतका उच्च सुरक्षा अधिकारीको बैठक मधेश प्रदेशको बर्दिबासमा भएको छ । नेपाल र भारतको सीमाक्षेत्रमा हुने अबैध गतिविधि पूर्णरुपमा नियन्त्रण गर्ने दुई देशीय उच्च सुरक्षा अधिकारीको बैठकले निर्णय गरेको हो ।

सशस्त्र प्रहरी बल नेपाल र भारतीय सशस्त्र सीमा सुरक्षा बल (एसएसबी)बीच छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरी बर्दिबासमा भएको संयुक बैठकले यस्तो निर्णय गरेको हो । सशस्त्र प्रहरी बल नेपाल नम्बर २ को आयोजनामा डिआइजीस्तरीय बैठक शनिबार साँझ भएको हो । बैठकमा सीमा सुरक्षा, सीमा अपराध नियन्त्रण तथा रोकथाम लागूऔषध नियन्त्रण, सीमामा हुने आपराधिक गतिविधि नियन्त्रणलगायतका विषयमा छलफल भएको थियो । बैठकमा सशस्त्र प्रहरी बल नेपाल नम्बर २ छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति डिआइजी कालीदास धौवजी, भारतीय सशस्त्र सीमा सुरक्षा बल एसएसबीको सेक्टर हेडक्वार्टर मुजफ्फरपुरका डिआइजी दीपक कुमार, आइपिएस सेक्टर हेड क्वाटर पूर्णियाका डिआइजी राजेश टीकु, सेक्टर हेड क्वाटर बेतियाका डिआइजी एस सुब्रमन्यमको उपस्थिति रहेको प्रदेश प्रवक्ता तथा सशस्त्र प्रहरीका एसएसपी सुरजसेन ओलीले बताए ।



# गढीमाई मेलामा करोडौं अनियमितताको आरोप



**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको गढीमाईमा यसपालि लागेको पञ्चवर्षीय मेलामा करोडौं अनियमितता भएको भन्दै प्रश्न उठेको छ । प्रसिद्ध गढीमाई मन्दिरमा हरेक पाँच वर्षमा एक पटक पशु चौपाया बलि दिने मेला लाग्छ । यस पटक मंसिरमा गढीमाईमा मेला लागेको थियो । यस पटकको मेलाका अवसरमा सञ्चालन हुने मनोरञ्जनका साधनको टिकट शुल्क, व्यावसायिक प्रयोजनका लागि लगाइने जमिन भाडा, स्टल भाडा लगायतको आम्दानीमा अनियमितता भएको मेला समितिकै पदाधिकारीले आरोप लगाएका छन् । मेला मूल समितिले २०७६ मा लागेको मेलाको भन्दा यसपालिको मेलामा भएको कारोबार भन्दा निकै कमको आय व्यय विवरण सार्वजनिक गरेपछि समिति भित्रका पदाधिकारीले अनियमितता भएको भन्दै प्रश्न उठाएका हुन् । महागढीमाई नगरपालिका–१ बरियारपुरका वडाध्यक्ष मनोजकुमार गुप्ताले मेलाको आय व्यय अपारदर्शी देखिएको बताए ।

वडाअध्यक्ष गुप्ता गढीमाई पञ्चवर्षीय मेला मूल समितिका उपाध्यक्ष समेत हुन् । मेला समितिको अध्यक्ष भने महागढीमाई नगरपालिकाका मेयर उपेन्द्र यादव हुन् । उनकै मिलेमतोमा अनियमितता भएको उपाध्यक्ष रहेका वडाध्यक्ष गुप्ताको आरोप छ ।

गुप्ताका अनुसार पाँच वर्ष अघि २०७६ मा लागेको मेलाको कारोबारभन्दा यस पटकको मेलाको कारोबार आधाभन्दा पनि कम देखाइएको छ । उनका अनुसार २०७६ को मेलामा मनोरञ्जनका साधनको टिकट बापत मात्रै ७ करोड भन्दा बढीको कारोबार भएको थियो । यस पटक त्यसको आधाभन्दा पनि कम तीन करोड ३४ लाख मात्रै कारोबार भएको भनिएको छ । जुन आफैमा शंकास्पद् रहेको गुप्ताले बताए ।

# विपी उद्यानको जग्गा अतिक्रमण खाली गर्न महानगरको निर्देशन

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजको घण्टाघर नजिकै रहेको विपी उद्यानको जग्गा अतिक्रमण गरेर लगाइएको तरकारी, फलफुल, खाजा–नास्ता लगाएका पसल र टहराहरु ७ दिनभित्र खाली गर्न वीरगंज महानगरपालिकाले निर्देशन दिएको छ । यसअघि २०७३ फागुन ८ गते वीरगंज महानगरपालिकाले डोजर लगाएर खाली गराएको विपी उद्यानको जग्गामा त्यसपछि फेरि व्यपारी र पसलेले फेरि कब्जा गरि टहरा बनाएर पसल थापेका छन् । विपी उद्यानको झण्डै १० बिघा जग्गामा सयौंको संख्यामा टहरा बनाएर तरकारी, खाजा नास्ता र घरेलु मदिराका पसल थापिएका छन् । थोक तरकारी मण्डीका दर्जनौ पसल र होटलबाट दिनहु निस्कने फोहोरमैलाको व्यवस्थापन नहुँदा ती फोहोर जन्य वस्तु कुहिएर महिनौ दिनसम्म रहने गरेको छ । कुहिएका ती फोहोरबाट निस्कने दुर्गन्धले बजार छेउ भएर हिड्ने यात्रुहरुलाइ नाक थुन्नु पर्छ । शहरकै केन्द्रमा रहेको उद्यानमा अनाधिकृत रुपमा लगाइएको अव्यवस्थित एवम् दुर्गन्धित थोक तरकारी बजार, त्यहा जथाभवी तरिकाले बनाइएका झुप्रा र टहरा तथा दुर्गन्धले वीरगंज महनगरकै सौन्दर्यलाइ नै कुरुप बनाएको छ । पुस १२ गते महानगरपालिकाको कार्यालयले जारी गरेको सूचनामा मंसिर २६ गतेको निर्णय अनुसार, वीरगन्ज–९मा रहेको विपी उद्यान हाताभित्र सञ्चालनमा रहेका तरकारी, फलफुल, खाजानास्ता लगायतका पसलहरु १५ दिनभित्र खाली गर्न जारी गरिएको सूचनाको हदम्याद सकिँदा हालसम्म पनि बजार खाली नगरिएकाले पुस १२ को सूचनाले ७ दिनभित्र अनिवार्य रुपमा बजार खाली गर्न उर्दी जारी गरिएको छ । उक्त सूचनाको अटेरी गरेमा बजार खाली गर्न÷गराउन लाग्ने खर्च सम्बन्धित पसले र व्यपारीले व्यहोर्नुपर्ने महानगरपालिकाले चेतावनी दिएको छ । वीरगंज महानगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अरविन्द लाल कर्णले जारी गरेको सूचनामा हाल विपी उद्यानमा सञ्चालनमा रहेको तरकारी, फलफुल लगायतका बजार वीरगंज–१६ नगवास्थित कृषि बजारमा लगेर सञ्चालन गर्न आग्रह पनि गरिएको छ ।

# प्रहरी हत्यामा संलग्न तीन जना सार्वजनिक

**मधेशदृष्टि**
**वीरगंज ।**
प्रहरी कार्यालय सहयोगी राजकुमार रुम्बाको हत्यामा संलग्न तीन जनालाई सार्वजनिक गरिएको छ । बारा जिल्ला प्रहरीले आइतबार पत्रकार सम्मेलन गरेर रुम्बाको हत्यामा संलग्न तीन जनालाई सार्वजनिक गरेको हो । गत पुस ६ गते बाराको सिमरा उपमहानगरपालिका– ११ स्थित सडक छेउमा रोकिराखेको बागमती प्रदेश ०१–०२८ च ७६१६ नम्बरको ग्रे रंगको इभी कारमा कारभित्र युवक मृत भेटिएका थिए । मृत फेला परेको युवक प्रहरी कार्यालयका सहयोगी रहेको खुलेपछि प्रहरीले थप अनुसन्धान अघि बढाएको थियो ।

मृतक रुम्बा बारा जितपुर सिमरा उपमहानगरपालिका– १ घर भई इलाका प्रहरी कार्यालय सिमरा बारामा दरबन्दी भई हाल विमानस्थल सुरक्षा गार्ड सिमरामा कार्यरत थिए । पोष्टमार्टमको क्रममा उनको टाउकोबाट गोलीको बुलेट फेला परेको थियो । उनको मृत्युको कारण गन सट भनी शव परीक्षण प्रतिवेदनबाट खुलेपछि हत्या भएको ठहर गर्दै अनुसन्धान अघि बढाएको थियो । उनको हत्यामा संलग्न तीन जनालाई प्रहरी हिजो पक्राउ गरी आज सार्वजनिक गरेको हो ।

पक्राउ पर्नेमा महोत्तरी जलेश्वर नगरपालिका– ३ घर भई राष्ट्रिय अनुसन्धान कार्यालय बारा दरबन्दी भई विमानस्थल कार्यालय सिमरा बारामा कार्यरत राष्ट्रिय अनुसन्धान विभागका अनुसन्धान अधिकृत श्रीकान्त तिवारी, बारा जितपुर सिमरा उपमहानगरपालिका– १९ घर भई हाल सोही स्थानमा दिनेश सुवेदीको जग्गामा जय माँ इन्जियरिङ वर्कसपको सञ्चालक २७ वर्षीय पुरुषोत्तम कुमार दास र २० वर्षीय ईन्द्रजित कुमार चौहान रहेका छन् ।

उनीहरुको साथबाटपुरुषोत्तम कुमार दासको वर्कसपबाट उनले लगाउने गरेको जिन्स पाइन्टको खल्तीबाट रुम्बाले घाटीमा लगाएको सुनको सिक्रि १ थान बरामद गरेको छ । साथै दासको कालो रंगको क्याट लेखिएको झोला भित्रबाट रुम्बाको पर्स बरामद गरेको छ । प्रहरीले उनीहरुको साथबाट ६ थान मोवाइल, दासले प्रयोग गर्ने गरेको ना १३ प ५४७ नम्बरको यमाहा कम्पनीको मोटरसाईकल थान–१ बरामद गरेको प्रवक्ता प्रकाश सापकोटाले बताए । मृतक रुम्बा मृत फेला परेको कार राष्ट्रिय अनुसन्धान बिभागका अनुसन्धान अधिकृत तिवारीको भएको खुलेको छ । उनीहरुविरुद्ध कसूर दर्ता किताबमा कर्तव्य ज्यान सम्बन्धी कसूरमा मुद्दा दर्ता भई बारा जिल्ला अदालतबाट ७ दिनको म्याद थप लिई थप अनुसन्धान कार्य ईलाका प्रहरी कार्यालय सिमरा बाराबाट भइरहेको सापकोटाले बताए । प्रवक्ता सापकोटाका अनुसार रुम्बाको हत्या गर्नुको कारण पुरानो रिसिईबी र लुटपाट रहेको छ ।

# छिपहरमाई गाँउपालिका कार्यालय अगाडि स्थानीयको धर्ना




**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको छिपहरमाई गाँउपालिका कार्यालय अगाडि स्थानीयबासीको एक समुहले आइतबार धर्ना दिएका छन् । स्थानीय सन्दीप गुप्ता नेतृत्वमा रहेको समुहले आइतबार गाँउपालिका कार्यालय अगाडि नाराबाजी गर्दै दुई घण्टा धर्ना दिएका हुन् ।

गाँउपालिका कार्यालयमा जनप्रतिनिधी र कर्मचारीको मिलोमतोमा व्यापक आर्थिक अनियमितता र भ्रष्टचार भइरहेको भन्दै त्यसैको विरुद्धमा धर्ना दिइएको गुप्ताले बताए । गाँउपालिका कार्यालयमा सरकारी बजेटको दुरुपयोग गरिएको, त्यसको हिसाबकिताब सार्वजनिक गर्न सूचनाको हक प्रयोग गरेर पटक पटक माग गर्दापनि कुनै सुनुवाई नभएपछि आइतबारदेखि गाँउपालिका कार्यालयकै अगाडि धर्नामा बसेको गुप्ताले बताए । गाँउपालिका कार्यालयमा बाँडिएको कन्यादान राशीको पूर्ण विवरण, सौर्य सिँचाईका लागि किसानका खेतमा जडान गरिएको सोलार प्यानल, ईन्धन वितरण, पालिकाले खरिद गरेका सवारीको विवरण लगायतका विवरण सार्वजनिक गर्नुपर्ने २६ बुँदे माग सहितको ज्ञापनपत्र गाँउपालिका कार्यालयमा बुझाएको तर गाँउपालिका कार्यालयबाट कुनै सुनुवाई नभएको धर्नामा सहभागी स्थानीय धर्मेन्द्र प्रसाद यादवले बताए । एक हप्ता पहिलेपनि ७ दिनको अल्टिमेटमसहित गाँउपालिका कार्यालयमा ज्ञापनपत्र बुझाउँदा पनि पालिका कार्यालयबाट कुनै वास्ता नगरिएपछि आइतबारदेखि धर्ना दिइएको उनले बताए । उनले आँफुहरुले मागेको सूचना उपलब्ध गराएर रार्वजनिक नगरिएसम्म गाँउपालिका कार्यालयमा दैनिक दुई घण्टा धर्नामा बस्ने बताए ।

# होटेलमा छापामारी गरी ४ जनालाई पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
वडा प्रहरी कार्यालय बिर्ता, वीरगंजले शनिबार राति एक होटेलमा छापामारी गरी ४ जनालाई पक्राउ गरेको छ ।

वीरगंजको बसपार्कस्थित एक होटलमा अनैतिक क्रियाकलाप गरेको आरोपमा तीन जना पुरुष र एक जना महिलालाई पक्राउ गरेको स्रोतले जनाएको छ ।

विशेष सूचनाका आधारमा त्यहाँ पुगेको प्रहरी टोलीले उनीहरुलाई अनुचित क्रियाकलाप गरिरहेकै अवस्थामा पक्राउ गरिएको स्रोतको दाबी छ । पक्राउ पर्नेमा रौतहटको दुर्गाभगवती गाउँपालिका बडहरवा निवासी बिरेन्द्र चौधरीलगायत रहेको बताइएको छ ।

यता, पर्सा प्रहरीका प्रवक्त प्रहरी नायव उपरीक्षक किशोर लम्सालले उनीहरुको पक्राउको पुष्टि गरेका छन् । उनका अनुसार उनीहरुलाई अभद्र व्यवहारमा जिल्ला अदालत पर्साबाट म्याद थप गरी थुनामा राखिएको छ । घटनाबारे थप अनुसान्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ ।

# लागू औषधसहित महिला पक्राउ

**मधेशदृष्टि**
**वीरगंज ।**
लागू औषध इन्जेक्सनसहित बाराबाट एक जना महिला पक्राउ परेकी छन् । पक्राउ पर्नेमा रौतहटको कटहरिया नगरपालिका वडा नम्बर ७ बस्ने २१ वर्षकी मुस्कान दास रहेकी छन् । विशेष सूचनाको आधारमा प्रहरीले उनलाई जीतपुरसिमरा उपमहानगरपालिका–१ पथलैया चोकबाट पक्राउ गरेको जनाएको छ । प्रहरी चौकी पथलैयाबाट खटिएको टोलीले गौरबाट काठमाडौँका लागि छुटेको बा प्र ०१–००६ ख ५१५९ नम्बरको यात्रुवाहक बस रोकेर जाँच गरेको थियो । सोही क्रममा बसको डिक्कीमा लुकाइछिपाइ लैजादैँ गरेको अवस्थामा लागू औषध बरामद भएको बारा प्रहरीका डिएसपी प्रकाश सापकोटाले बताए ।

उनका अनुसार प्रहरीले लागू औषध इन्जेक्सनहरु नुर्फिन १२ सय पिस, डाइजेपाम १२ पिस र फेनारगन १२ पिस गरी ३६०० पिस फेला पारेको हो । पक्राउ परेकी महिलामाथि आवश्यक कानूनी प्रक्रिया अघि बढाइएको जिल्ला प्रहरी कार्यालय बाराले जनाएको छ ।

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित, सम्पर्कः वीरगंज महानगरपालिका–१३, पर्सा, मोबाइल नं.–९८५५०२१२८१, कार्यालयः जनकपुरधाम–२, भानुचोक, किशोरी नगर, फोन नं.–०४१–५९०२८९, E-mail: madheshdristi@gmail.com, अध्यक्षः ध्रुव साह, सम्पादकः रामकुमार एलन